


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





❖ वर्ष ३५ ❖ २०७९ जेठ १२ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 May 26 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६७

## पर्साका १४ स्थानीय तहमा १ अर्ब ७५ करोड बेरुजू

प्रस, वीरगंज, ११ जेठ/

पर्साका एक महानगर, तीन नगरपालिका र १० गाउँपालिका गरी १४ वटा पालिकामा रु १ अर्ब ७५ करोड बेरुजू देखिएको छ र यसको दोषी निवर्तमान जनप्रतिनिधिहरू रहेका छन्।




२०७४ सालमा निर्वाचित भएका जनप्रतिनिधिहरूले सरकारी रकमलाई आफ्नो खल्तीको रकम सम्झेर जथाभावी खर्च गरेकाले बेरुजू रकम बर्सेनि थपिँदै गएको हो। त्यति मात्र हैन, राज्यकोषको सुरक्षाको लागि स्थानीय तहमा खटेका कर्मचारीहरूले प्रलोभनमा परी नियमविपरीत भुक्तानी दिएको, कानूनविपरीत पेश्की दिएकाले बेरुजू रकम घट्नुको सट्टा बढेको कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साले जनाएको छ।

स्थानीय तहमा खटेका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृतहरूले पालिकाको बजेट जथाभावी खर्च गर्ने र केही समयपछि सरुवा माग गरी अर्को पालिकामा पुग्ने गरेका कारण बेरुजू रकम बढ्दै गएको बताइन्छ।

नवनिर्वाचित प्रमुख तथा अध्यक्षहरूको शपथग्रहण कार्यक्रममा पर्साका कोष तथा लेखा नियन्त्रक रुद्रनारायण भट्टराईले पर्साका पालिकाहरूमा बर्सेनि बढ्दै गइरहेको बेरुजू रकम समयमैं फछ्र्योट गरिएन भने पछि पालिकाको हकमा राज्यले अर्को कदम पनि चाल्न सक्ने सम्भावना रहेको भनी चेतावनी दिएका थिए।

२०७४ सालको स्थानीय चुनावमा निर्वाचित भएका जनप्रतिनिधिहरूले गरेका खर्चको लेखाजोखा गर्दै महालेखा परीक्षकको कार्यालयले वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ। महालेखा परीक्षको कार्यालयले २०७५, २०७७ तथा २०७८ सालमा गरी तीनपटक वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ। गत वर्षको लेखापरीक्षण प्रतिवेदन केही महीनाभित्र सार्वजनिक हुने बताइएको छ।

वार्षिक प्रतिवेदन–२०७८ अनुसार वीरगंज महानगरमा रु ७५ करोड ६७ लाख ३० हजार बेरुजु रहेको देखाएको छ। त्यसमध्ये असुल गर्नुपर्नेमा २२ करोड ९६ लाख, प्रमाण नभेटिएको तर खर्च भएको ३१ करोड २५ लाख, पेश्की रकम पाँच करोड ५२ लाख र अन्य खर्चतर्फ १५ करोड रहेका छन्।

जगरनाथपुर गाउँपालिकामा रु २० करोड ७३ लाख बेरुजु रहेको प्रतिवेदनले देखाएको छ। त्यसमध्ये असुल गर्नुपर्नेमा ५५ लाख, प्रमाण नभए पनि भुक्तानी दिएको १० करोड २६ लाख, पेश्की आठ करोड १३ लाख र अन्यतर्फ एक करोड ७७ लाख बेरुजू रहेका छन्।

बहुदरमाई नगरपालिकामा रु १४ करोड ७७ लाख बेरुजू रहेको छ। त्यसमध्ये असुल गर्नुपर्ने ३८ लाख, विनाप्रमाण वा कागजात नभए पनि सात

(बाँकी अन्तिम पातामा)

## पर्सा र बारामा एमाले र रौतहटमा नेकाको वर्चस्व

प्रस, वीरगंज, ११ जेठ/

पर्सा र बाराका स्थानीय तहमा एमालेको र रौतहटमा नेपाली काङ्ग्रेसको वर्चस्व देखिएको छ। पर्साका १४ वटा स्थानीय तहमा एमाले पाँच, नेका चार, जसपा चार, लोसपा एक गरी १४ पालिकामा विजयी भएका छन्। पर्सा जिल्लाका पर्सागढी, पोखरिया नगरपालिका, छिपहरमाई, सखुवाप्रसौनी र ठोरी गापामा एमाले विजयी भयो भने जगरनाथपुर, जीराभवानी र पटेर्वासुगौली, पकाहामैनपुर गापामा नेका विजयी भयो।

यसैगरी, वीरगंज महानगर, बहुदरमाई नपा, धोबिनी र कालिकामाई गापामा जसपा विजयी भएको छ। विन्ध्यवासिनी गापामा लोसपा विजयी भयो।

बारा जिल्लाका १६ वटा पालिकामा एमाले पाँच, नेका चार, जसपा तीन, लोसपा दुई, विवेकशील साझा पार्टी र माओवादी एक/एक पालिकामा विजयी भएका छन्। बारा जिल्लाका कलैया उपमहानगर, निजगढ र पचरौता नगरपालिका, प्रसौनी तथा परवानीपुर गाउँपालिकामा एमाले विजयी भएको छ। महागढीमाई, कोल्हवी नपा, सुवर्ण र आदर्श कोतवाल गापामा नेपाली काङ्ग्रेस विजयी भएको छ। सिम्रौनगढ नपा र विश्रामपुर गापामा लोसपाले जितेको छ। जीतपुरसिमरा उपमहानगरपालिकामा माओवादी केन्द्र विजयी भएको छ। बारागढी, देवताल, करैयामाई गापामा जसपाले जितेको छ भने फेटा गापा विवेकशील साझा पार्टी विजयी भएको छ।

*प्रस, रौतहट/*

रौतहट जिल्लामा नेका सात, नेकपा एस चार, एमाले र लोसपा दुई/दुई र माओवादी र जसपा एक पालिकामा विजयी भएका छन्। गत स्थानीय तहको निर्वाचनमा नेपाली काङ्ग्रेस तीन, जसपा छ र नेका (लोकतान्त्रिक) एक पालिकामा विजयी भएका थिए। रौतहटमा दुईवटा गापा र १६ वटा नगरपालिका छन्। गौर नपा, वृन्दावन, बौधीमाई, राजदेवी नगरपालिकामा नेकपा एस जितेको छ। यसैगरी, माधवनारायण, परोहा, राजपुर, चन्द्रपुर, कटहरिया, फतुहा विजयपुर, गढीमाई नगरपालिकामा नेका जितेको छ।

ईशनाथ र यमुनामाई नपामा लोसपा विजयी भएको छ। मौलापुर र देवाहीगोनाही नगरपालिकामा एमाले विजयी भएको छ भने दुर्गाभगवती गापामा माओवादी र गुजरामा जसपा विजयी भएका छन्। गरुडा नपाको प्रमुखमा एमालेका उम्मेदवार मतपरिणामले जिते पनि त्यहाँ विवाद भएकोले घोषणा हुन बाँकी छ।

## सत्तारूढ गठबन्धनको विजय जुलूस




तस्वीर सौजन्यः सामाजिक सञ्जाल

प्रस, वीरगंज, ११ जेठ/

वीरगंज महानगरपालिकाको प्रमुख र उपप्रमुखमा विजयी राजेशमान सिंह र इम्तियाज आलम ठकुराईको अगुवाईमा बुधवार विजय जुलूस निकालिएको छ।

मङ्गलवार मतपरिणाम घोषणा भएपछि दुवैले छुट्टाछुट्टै जुलूस निकालेका थिए भने आज संयुक्तरूपमा विजय जुलूस निकालिएको हो। वीरगंज महानगरमा सत्तारूढ पाँच दलीय गठबन्धनबाट प्रमुखमा जसपाका सिंह र उपप्रमुखमा नेकाका ठकुराई विजयी भएका हुन्। विजय जुलूसमा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दी, सांसद प्रदीप यादवलगायतको सहभागिता थियो।

नगरपरिक्रमा गरेको विजय जुलूसमा सहभागी नवनिर्वाचित प्रमुख र उपप्रमुखलाई नगरवासीहरूले फूलमाला, अबीरले स्वागत गरेका थिए। बाजागाजासहित ठूलो सङ्ख्यामा विजय जुलूस निकालिएको थियो।

## पर्साका किसानहरू धान रोपाइँको पूर्वतयारी गर्दै



तस्वीरः प्रतीक

ओमप्रकाश चौधरी, सेढवा, ११ जेठ/

चुनावी चहलपहल सकिएपछि पर्साका ग्रामीण किसानहरू मुख्य बाली धानको रोपाइँका लागि पूर्वतैयारीमा लागेका छन्।

गहुँबालीपछि अर्को बालीका लागि खेत खनजोत तथा आली निर्माण गर्न किसानहरूलाई भ्याइनभ्याइ छ। गहुँका ठुटा तथा खेतमा उम्रेका अनावश्यक झारपात हटाउन किसानहरू लागेका छन्। जेठ महीनाको टन्टलापुर घाममा खेतको जोताइ गर्दा झारपात सुकेर नष्ट भई कम्पोस्ट मलमा परिणत हुने र सोबाट बालीलाई फाइदा पुग्ने जगरनाथपुर गाउँपालिका–३ का किसान महेन्द्र रामले बताए।

खेतको झारपात नष्ट गर्न नसकिए रोपाइँ सकेपछि गोडमेल गर्न निकै समस्या हुने किसान रामको भनाइ छ। साथै पानी रोक्नका लागि बनाएका आलीमा उम्रेका घाँसलाई सरसफाइ गरी पुनः आली बनाउने गरिएको उनले बताए।

सिंचाइ गर्न कुलोहरूको सरसफाइ तथा पानीका मुहान संरक्षणका लागि

(बाँकी अन्तिम पातामा)

## हार्दिक बधाई एवं शुभकामना




नेपालकै ऐतिहासिक विद्यालय यस श्री त्रिजुद्ध महावीरप्रसाद रघुवीर राम माध्यमिक विद्यालय वीरगंज, पर्साका भूतपूर्व विद्यार्थी **श्री राजेशमान सिंह**ज्यू वीरगंज महानगरपालिकाको गरिमामय नगरप्रमुख पदमा र **श्री इम्तियाज आलम**ज्यू वीरगंज महानगरपालिकाको गरिमामय नगर उपप्रमुख पदमा भारी मतले विजयी हुनुभएकोमा हार्दिक बधाईसहित तपाईंहरुको सफल कार्यकालको र सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं।

**श्री त्रिजुद्ध महावीरप्रसाद रघुवीर राम माध्यमिक विद्यालय**
**वीरगंज, पर्सा**
**विद्यालय व्यवस्थापन समिति एवं विद्यालय परिवार**

## विचारसार एवं सूक्तिहरू

**यदि तिम्रो घरको ढोको भऱ्याङ फोहर छ भने आफ्नो छिमेकीको छानामा रहेको फोहरको आलोचना नगर ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# जुलूस होइन काम देखाउनुस्

**स्थानीय तहको निर्वाचन सकिएको छ र अब केही स्थानको मात्र मतपरिणाम आउन बाँकी छ। वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा सो दिन विभिन्न कारणले स्थगित भएका मतदान केन्द्रको निर्वाचन पनि जेठ ४ गते सकिएको र अब ती स्थानमा मात्र मतगणना बाँकी छ। रौतहटका दुई स्थानको मतगणना पनि सकिने अवस्थामा छ। अहिले पालिका प्रमुख/अध्यक्षहरूले शपथ खाने, पदभार ग्रहण गर्ने कार्यहरू गरिरहेका छन्। वीरगंज महानगरपालिकामा पनि नयाँ नेतृत्व चयन भइसकेको छ। नयाँ नेतृत्वमा सत्तारूढ पाँच दलीय गठबन्धनबाट जसपाका राजेशमान सिंह र नेकाका इम्तियाज आलम ठकुराईले प्रमुख र उपप्रमुखको जिम्मेवारी पाएका छन्। उनीहरूसामु चुनौतीहरू धेरै छन्। महानगरलाई समृद्ध बनाउने उनीहरूको वाचा आगामी दिनमा पूरा हुने हो होइन यो प्रतीक्षाको विषय हो। भ्रष्टाचार नियन्त्रण गर्ने, विकास गर्ने, स्वास्थ्य र शिक्षाको बिग्रँदो अवस्थामा सुधार ल्याउने, करको दर कम गरी दायरा बढाउने, जनताको काम महानगरपालिकामा सरल, सुविधाजनक तवरमा गराउने वातावरण सिर्जना गर्नेलगायतका काम नयाँ नेतृत्वले गर्नेमा महानगरवासी विश्वस्त छन्। तर यो कसरी सम्भव हुन्छ भन्ने कुरा नयाँ नेतृत्वको कार्यशैलीमा भर पर्ने कुरा हो।**

**भ्रष्टाचार नियन्त्रण गर्नका लागि सर्वप्रथम खर्चमा नियन्त्रण गर्न आवश्यक छ। आम्दानीभन्दा खर्च बढी भयो भने मानिसले कुबाटो अख्तियार गर्छन्। त्यसैले सबैभन्दा खर्च नियन्त्रण गर्नुपर्छ। अहिले जीतको जोश छ, वीरगंज महानगरमा मात्र होइन देशभर कुन ठाउँमा कसले जित्यो राजनीतिमा रुचि राख्ने जनतालाई थाहा छ। यस्तोमा विजय जुलूस निकालेर जीतको ढिडौरा पिट्न आवश्यक छैन। विजय जुलूसमा पनि थुप्रै खर्च भएकै हुन्छ। चुनावको त कुरै नगरौं, जसले खर्च गरेको छ, उसको पुर्परोमा हात होला। चुनावमा भएको खर्च कसरी असुल उपर गर्ने भन्ने सोचमा रहेका जनप्रतिनिधिहरूबाट पालिकाको विकास कसरी हुन्छ, यो हेर्नै बाँकी छ। चिकित्सककै उदाहरण लिने हो भने एमबिबिएस अध्ययनको लागि अहिले नेपालमा कम्तीमा ५० लाख रुपैयाँ लाग्छ। एमबिबिएस गरेपछि एमडी गर्नैपर्छ, त्यसको लागि पनि उत्तिकै पैसा लाग्छ। करीब डेढ करोड रुपैयाँ खर्च गरेर हासिल गरेको डिग्रीधारकले समाजसेवा गरोस् भनेर सोच्नु मूर्खता हुन्छ। अहिले नेपालमा स्वास्थ्य सेवा महँगो हुनुको कारण पनि महँगो शिक्षा प्रणाली नै हो।**

**राजनीतिमा पनि यही फर्मुला लागू हुन्छ। नेताहरूले लाखौं/करोडौं खर्च गरेर चुनाव जित्छन् भने उनीहरूले सबैभन्दा पहिले सो खर्च असुलीको माध्यम खोज्छन्। भ्रष्टाचार बढ्नुमा पनि यो प्रमुख कारण हो। जस्तोसुकै भ्रष्टाचारीले पनि 'म बेइमान हुँ' भनेको उदाहरण छैन। उसको कार्यशैलीबाट त्यो कुराको पुष्टि हुने हो। यस अर्थमा अनावश्यक खर्चहरू रोक्ने काम नयाँ नेतृत्वले गरेर जनमुखी कामहरू गर्ने जमर्को गर्न जरुरी छ। जीत र हारको बारेमा जनताले सञ्चारका अनेक माध्यमबाट थाहा पाइसकेका छन्। त्यसको लागि विजय जुलूस निकालेर खर्च बढाउने कार्यतिर लाग्नुहुँदैन।**

# चुनावपछि चुनाव र लोकप्रिय बजेटमा आम नागरिकका आशा

आम चुनावको समयमा सामान्यतया लोकप्रिय बजेट नै आउँछ। लोकप्रिय बजेटको अर्थ हो कसरी हुन्छ, नागरिकलाई बढी मात्रामा सेवा र सुविधा उपलब्ध गराउन सकिन्छ भन्ने ख्याल राखिएको हुन्छ। यस अन्तर्गत कर्मचारीको तलब वा भत्ता बढाउने र धेरै किसिमका सुविधा दिएर नागरिकलाई असल सरकार र आफ्नो सरकारको अनुभूति दिलाउने भन्ने हुन्छ। यस वर्ष पनि आउँदो बजेटमा नेपाल सरकारले दुई हजार रुपैयाँमा कम नहुने गरी सरकारी कर्मचारीको तलबमा वृद्धि गर्न थालेको हल्ला छ। साथमा पैसट्ठी वर्ष पुगेपछि ज्येष्ठ नागरिक भत्ता दिने प्रस्ताव गरिन थालिएको छ। अझ बालबालिकालाई पनि केन्द्रित गरी कक्षा आठसम्म विद्यार्थीलाई खाजाको व्यवस्था गर्ने प्रस्ताव गरिएको छ।

लोकप्रिय बजेटको अर्को विशेषता यो पनि हुन्छ कि यस वर्ष कर बढाइएको हुँदैन। सम्भव भएसम्म करमा पनि छुट नै दिइएको हुन्छ। मतलब सरकारले जनतालाई धेरै दिन चाहन्छ र जनताबाट सरकारलाई जाने करको दायरा वृद्धि गर्न चाहँदैन, करको दरमा पनि वृद्धि हुँदैन। बजेटको आलोचना सकेसम्म आम नागरिकबाट कम होओस् र आम नागरिकले सम्भव भएसम्म मेरोलागि पनि बजेटको व्यवस्था भएको छ भन्ने महसूस गर्न पाओस् भन्ने ध्याउन्न राखिएको हुन्छ। राज्यकोषबाट तलब खाने कर्मचारीदेखि लिएर सबै वर्ग, उमेर, पेशा र व्यवसायका मानिसलाई सम्भव हुँदासम्मको सुविधा दिन खोज्नु लोकप्रिय बजेटको विशेषता हो।

अहिले एउटा चुनाव सकिएको छ। चुनावको धेरै कर्म अझ बाँकी नै छ। यस अर्थमा अहिले पनि देश चुनावकै सिलसिलामा रहेको छ। कतै परिणाम घोषणा भएको छ। कतै नवनिर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेका छन्। कतै मतगणना जारी छ र अन्तिम चरणमा छ। कतै विजय जुलूस चल्दैछ। कतै शपथ हुन बाँकी छ। अधिकांश ठाउँमा कार्यपालिकाको चुनाव हुन बाँकी रहेको छ। अहिलेको व्यवस्थाले मतदाताले निर्वाचित गरेका जनप्रतिनिधिहरूले कार्यपालिकाका केही सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था गरेको छ। निकै कम पालिकाले कार्यपालिकाको चुनाव गरेको छ, अधिकांशले यो गर्न बाँकी छ। कार्यपालिकाको निर्वाचन सम्पन्न भएपछि स्थानीय तहको चुनाव सम्पन्न भएको मानिन्छ।

### स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


> **हुनत नेपालमा मतदातालाई कुनै एक मुद्दा वा कारणले प्रभाव पर्न सक्छ भन्ने कुरामा विश्वास हुँदैन। नेपाली नागरिक वास्तवमा दल तथा नेतासित यति धेरै नजीकबाट जोडिएका छन् कि नराम्रो पनि राम्रो र राम्रो पनि नराम्रो नेताको बोलीले गर्दा कार्यकर्ताहरू मान्न पुग्दछन्।**

एउटा चुनाव सम्पन्न भएको छ र अर्को चुनावको आहट सुनिन्छ। आउँदो आर्थिक वर्ष जसको नीति तथा कार्यक्रम प्रस्तुत गरिसकिएको छ र बजेटको तयारी भइरहेको छ, त्यसमा प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन हुने करीब निश्चित जस्तै छ। यी दुई तहको चुनाव सम्भवतः एक साथ एकैपटक हुने देखिन्छ। स्वाभाविकरूपमा प्रतिनिधिसभा र प्रदेशसभाको अवधि यसै वर्ष सकिन थालेको र विपक्षी नेकपा एमालेले यसअघि नै दुईपटक प्रतिनिधिसभा भङ्ग गरी नयाँ चुनावमा जाने घोषणा गरिसकेको हुनाले अब प्रतिनिधिसभाको म्याद थप हुने सम्भावना पनि कम छ। गठबन्धनका दलहरूमा पनि चुनावको लागि तयार हुनुपर्ने वातावरण बनिसकेको छ र म्याद थपको लागि कतैबाट कुनै किसिमको कुरो आइरहेको छैन। यस कारण समयमा चुनाव हुनेमा सबै विश्वस्त छन्।

चुनावको समयमा मुख्यरूपमा उम्मेदवार र दलले मतदातालाई बढीभन्दा बढी राम्रो काम गर्ने, सेवा र सुविधा उपलब्ध गराउने प्रतिबद्धता सार्वजनिक गर्दछन्। उम्मेदवारहरूले त अझ मतदातालाई जहाँ बढी समस्या हुन्छ, त्यहाँ तोकेर नै यो काम म निर्वाचित भएपछि गर्छु भन्ने प्रतिबद्धता सार्वजनिक गर्दछन्। समाजमा रहेका दलका प्रतिनिधिहरूले मतदाताका समस्या सुनेका र बुझेका हुन्छन्। यस कारण सम्भव भएसम्म मतदाताका सामूहिक समस्यालाई आफ्नो योजना वा प्रतिबद्धतामा राखेर काम गर्ने योजना नै बनाउँछन्। यसरी बनाएको योजना सार्वजनिक गरेर मतदाताको मनलाई तान्ने प्रयास गर्दछन्। र जुन वर्ष चुनाव हुन्छ, त्यस वर्ष समग्रमा देशभरका नागरिकलाई आफ्नो पक्षमा पार्न लोकप्रिय बजेट तयार पारिन्छ।

अहिले महँगीले सर्वसाधारण नागरिक आजित छ। हुनत महँगी हाम्रो देशको आफ्नो कारणले बढेको होइन। रूस र युक्रेनबीच चलिरहेको युद्धको कारण झन्डै संसारमा नै एक किसिमले महँगीको महामारी वृद्धि भएको छ। यसले सर्वसाधारण नागरिकलाई धेरै अप्ठ्यारो पार्दै गएको छ। महँगीले सर्वसाधारण नागरिकको जीवनमा हस्तक्षेप गरिरहेको छ। महँगीमा कहाँ गएर ब्रेक लाग्ने हो, यसको कुनै ठेगान छैन। सम्भवतः सबै क्षेत्रमा महँगीले एकपछि अर्को रेकर्ड कायम गरिरहेको छ। लगातार दुई वर्ष कोरोनाले सर्वसाधारणको आयमाथि प्रहार गरेको थियो, सर्वसाधारणको ढाड सेकेको थियो भने अहिले महँगीले केही छोइनसक्नु बनाइदिएको छ। जसले जीवन पद्धतिमाथि नै हस्तक्षेप गरिरहेको छ। जहाँ सबैले आफूलाई असुरक्षित महसूस गर्न थालेका छन्। नेपालमा सबैभन्दा बढी महँगी इन्धनको कारणले बढेको हो। इन्धनको मूल्य यति धेरै कहिल्यै बढेको थिएन। अझ नेपालमा त्यस दिन एकैचोटि धेरै मूल्य बढ्न गयो, जुन दिन भारतमा एकै दिन थोक मूल्य कटौती गरिएको थियो। हुनत सरकारले कर कम गरेको थियो भारतमा। नेपालमा भने पहिलेदेखि नै नेपाल आयल निगमलाई निकै घाटा रहेको अवस्थामा चुनावको कारण तेलको भाउमा वृद्धि गर्न सकेको थिएन। चुनाव सकिएको भोलिपल्ट नै एकैचोटि दश रुपैयाँ र फेरि एक हप्ताभन्दा कम समयमा दश रुपैयाँ गरी बीस रुपैया प्रतिलिटरले मूल्यवृद्धि गरिंदा इन्धनको कारणले सार्वजनिक यातायातको भाडा र सामान ढुवानीको भाडामा व्यापक वृद्धि भएको छ। इन्धनको प्रयोग गरेर सञ्चालन हुने मेशिनरी, खेतीमा प्रयोग हुने ट्याक्टर आदि सबै क्षेत्रमा महँगीको मार परेको छ। किसानको खेतीको लागत ह्वात्तै बढ्ने देखिन्छ। अन्य सबै क्षेत्रमा महँगी वृद्धिले सर्वसाधारणको खल्ती रित्याइरहेको छ।

महँगीमा लगातार अकल्पनीय वृद्धि भइरहँदा सरकारको लोकप्रियता भने कम हुने सम्भावना हुन्छ। अहिले पनि सामाजिक सञ्जालमा सरकारको लोकप्रियता केही कम भएको अनुमान गरिएको छ। यदि लगत्तै चुनाव हुने हो भने यसको असर थोरै भएपनि मतदातामाथि पर्न सक्थ्यो किनभने मतदातालाई प्रभावित पार्ने गरी विपक्षीले महँगीको मुद्दालाई खूब उछाल्न सक्थ्यो। यद्यपि वर्तमान महँगी वृद्धिमा नेपालको आन्तरिक कारण खासै जिम्मेवार रहेको देखिँदैन। तर पनि विपक्षीलाई भने मुद्दाको आवश्यकता हुन्छ, जुन तत्काल फेला परेको छ। हुनत नेपालमा मतदातालाई कुनै एक मुद्दा वा कारणले प्रभाव पर्न सक्छ भन्ने कुरामा विश्वास हुँदैन। नेपाली नागरिक वास्तवमा दल तथा नेतासित यति धेरै नजीकबाट जोडिएका छन् कि नराम्रो पनि राम्रो र राम्रो पनि नराम्रो नेताको बोलीले गर्दा कार्यकर्ताहरू मान्न पुग्दछन्। यो आफ्नै ठाउँमा छ, तर सर्वसाधारण नागरिकलाई भने धेरै कुराले प्रभाव पारिरहेको हुन्छ।

अहिले बजेट आउन थालेको छ। सर्वसाधारणले बजेटबाट पहिले जस्तै विकास र सुशासनको आशा त गरेका छन् नै। यदि सम्भव हुन्छ भने महँगीबाट कसरी मुक्ति पाउन सकिन्छ, त्यसको आशा गरेका छन्। सर्वसाधारणको बजेटभित्र कसरी वर्ष चल्न सक्छ, कसरी आफूलाई आर्थिक अप्ठ्यारो हुन्न भन्ने कुरो सर्वसाधारणले सोचिरहेको अवस्थामा आउन थालेको बजेटले सर्वसाधारणको आफ्नो दैनिकी पुग्न सक्ने वातावरण मिलाउन सके हुन्थ्यो भन्ने अपेक्षा रहेको छ। चुनावपछि फेरि चुनाव आउन थालेको अवस्थामा आएको बजेटप्रति आम नागरिक सकारात्मक त छन् नै तर अझ आफूहरूलाई महँगीबाट जोगाउने कुनै अस्त्र बजेटमा आउँछ कि भन्ने अपेक्षा रहेको बुझिन्छ।

# करोडको गाडी चढेर जनताको समस्या देखिंदैन –धरानका नवनिर्वाचित प्रमुख

धरान, ११ जेठ/रासस

ठूला राजनीतिक दल नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका धरानमा नाम चलेका उम्मेदवारलाई पराजित गर्दै एकाएक स्वतन्त्रबाट प्रमुखमा विजयी भएका हर्कराज राई (साम्पाङ)ले उपमहानगरपालिकाको महँगो सवारीसाधन प्रयोग नगरी जनताको सेवा गर्ने प्रतिबद्धता जनाएका छन्।

उनले जनताको सेवक भएकाले महँगो गाडी नचढ्ने र आफूसँग भएको पुरानो मोटरसाइकल चढेर जनताको सेवा गर्ने बताएका छन्। उनले सामाजिक सञ्चालबाट गाडी नचढ्ने बताएका हुन्। “म करोडौं पर्ने गाडी चढेर हिंडें भने बाटोका खाल्डा र भत्केका सडक देखिंदैनन्, त्यसैले म सडकमैं हिंड्न चाहन्छु, किनकि ती भत्केका खाडल पुर्नेछु, बिग्रिएका बाटो मर्मत गर्नेछु,” उनले भने।

धरानमा सामाजिक सरोकारका विषयमा आवाज उठाउँदै आएका राईले सामाजिक सञ्जालबाटै समस्या परे फोन गर्न आफ्नो निजी नम्बर वितरण गरेका छन्। “पानी नआउने, लाइन नआउने, बेथिति र अनियमितता भएको अवस्था छ भने मलाई कल गर्नु होला (९८१९०१२३७१ र ९७४६९६५१९८), तपाईंको सेवक, जय धरान,” उनले भनेका छन्। उपमहानगरपालिका प्रशासन महाशाखा अन्तर्गत स्टोर विभागले प्रमुखका लागि को.१ज ६४० नम्बरको आरामदायी स्कोर्पियो तयारी अवस्थामा राखिदिएको छ।

चालक पनि तयारी अवस्थामा छन्। यस्तै, उपप्रमुखका लागि पनि गाडी तयारी अवस्थामा राखिएको प्रशासन महाशाखा प्रशासकीय अधिकृत गणेश खतिवडाले जानकारी दिए। “हामीले उहाँहरूले पाउने सेवा सुविधा तयारी अवस्थामा राखेका छौं, सुविधा लिने वा नलिने भन्ने उहाँहरूको इच्छा हो,” अधिकृत खतिवडाले भने। मङ्गलवार पदभार ग्रहणपछि प्रमुख राई उपमहानगरपालिका पुगेका छैनन्। आफू जनताका आधारभूत र अति आवश्यक समस्या समाधान नभएसम्म फिल्डमैं हुने प्रमुखमा विजयी हुने बित्तिकै उनले घोषणा गरेका थिए।



प्रमुखमा निर्वाचित भएपछि विभिन्न सामाजिक सङ्घसंस्थाको सम्मानका लागि निम्ता आउन थाले पनि उनले सामाजिक सञ्जालबाटै सम्मानका लागि नबोलाइदिन आग्रहसमेत गरेका छन्।

लामो सयमदेखि सामाजिक अभियानमा लागेका साम्पाङले चुनावको मुद्दा नै खानेपानी बनाएका थिए। मङ्गलवार पदभार ग्रहण गर्दै उनले पहिलो चरणमैं खानेपानी वितरणलाई चुस्त बनाउँदै चुहावट रोक्ने प्रतिबद्धता जनाएका छन्। खानेपानी वितरणलाई व्यवस्थापन गर्न नसक्दा नै खानेपानीको अभाव चुलिंदै गएको उनको भनाइ छ। पदभार ग्रहण गर्दै साम्पाङले भने, “परियोजनाको उत्पादन बढाउने र स्रोत थप्ने कामलाई अघि बढाउने मेरो पहिलो प्राथमिकता हुनेछ।”

राईले पदभार ग्रहण गरेसँगै वैज्ञानिक कर लागू गर्न अध्ययन गरी सुझाव पेश गर्न एक कार्यदल गठन गर्ने निर्णय पनि गरेका छन्। कार्यदलको संयोजकमा उपप्रमुख अइन्द्रविक्रम बेघालाई जिम्मेवारी दिइएको छ भने सदस्य सचिवमा राजस्व महाशाखा प्रमुख रहेका छन्। यस्तै, सदस्यमा प्रमुख प्रशासकीय अधिकृत, नगरप्रमुखबाट मनोनीत एक अर्थशास्त्री र सुनसरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष वा उनले तोकेका व्यक्ति कार्यदलमा सदस्य रहनेछन्। कार्यदलले धरानको कर वैज्ञानिक भए नभएको, आयस्रोतको पहिचान गर्ने र दररेट निर्धारणका लागि अध्ययन गरी सुझाव दिइने प्रमुख राईले जानकारी दिए। सर्वदलीय सहभागितामा धरानको विकासमा मिलेर अघि बढ्ने उनले प्रतिबद्धता जनाएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# गुलिया नारा छाडेर, धरातलीय यथार्थताको सम्बोधन

काठमाडौं, ११ जेठ/रासस

गुलिया नारा नभएका र यथार्थतालाई सम्बोधन गरिएको सरकारको नीति तथा कार्यक्रम व्यावहारिकरूपमा कार्यान्वयन हुन सक्ने कोणबाट विश्लेषण भइरहेको छ।

मङ्गलवार सङ्घीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरिन्। अघिल्लोपटक प्रतिनिधिसभा विघटन गरेर सिंहदरबारबाट राष्ट्रका नाममा सम्बोधनमार्फत सार्वजनिक गरिएको नीति तथा कार्यक्रममा नारा बढी थिए। प्रतिबद्धता र पूरा हुनै नसक्ने खालका धेरै विषय समावेश थिए।



तस्वीरः रासस

यद्यपि चालू आव नीति तथा कार्यक्रमविहीनरूपमा नै सञ्चालन भएको तथ्यका बीच सरकारले मध्यम खालको र सबै पक्षलाई सम्बोधन गर्ने विषयलाई मात्रै समावेश गरेर नयाँ सन्देश दिएको छ। कार्यक्रमको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेकै सबै काम सङ्घीय सरकारले गर्नुपर्छ भन्ने मान्यताबाट पर हटेको छ। प्रदेश र स्थानीय सरकारलाई पनि स्थान दिनुपर्छ र उनीहरूको भूमिका बढाउनुपर्छ भन्ने कोण देख्न सकिन्छ। राष्ट्रिय गौरवका, रूपान्तरणकारी एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाभन्दा बाहेक अरू सबै आयोजना तल पठाइएको छ।

सरकारको नीति तथा कार्यक्रमका आधारमा यही जेठ १५ गते आगामी आवको बजेट प्रस्तुत हुन्छ। हरेक वर्ष नीति तथा कार्यक्रम आउने, कार्यान्वयन नहुने, सधैं एउटै विषय समावेश गर्ने प्रवृत्तिबाट माथि उठेर यसपटक सरकारको वार्षिक लक्ष्य सार्वजनिक गरिएको छ। उद्योगी तथा व्यवसायीले सरकारले धरातलीय यथार्थलाई आत्मसात् गरेको भन्दै सरकारको कार्यक्रमलाई स्वीकार मात्रै गरेको छैन, मुक्तकण्ठले प्रशंसा गरेको छ। समाजका अन्य वर्ग तथा तप्काले समेत गठबन्धन सरकारको साझा प्रयत्नलाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने सुझाव दिएका छन्।

नीति तथा कार्यक्रम 'पूरा नहुने सपनाको पोको' हो कि कार्यान्वयनमा लैजान सकिने व्यावहारिक दस्तावेज हो भन्ने दुई खालका सोच समाजमा रहँदै आएको छ। विसं २०७४ को सङ्घीय निर्वाचनपछि तत्कालीन नेकपा नेतृत्वको सरकारले अगाडि सारेका कार्यक्रमका धेरै नारा थिए। पहिलो वर्षलाई आधार वर्ष, दोस्रोलाई विस्तार र तेस्रो वर्षलाई समृद्धिको वर्षका रूपमा चित्रण गरिएको थियो। रेल, पानीजहाजजस्ता ठूला लगानी लाग्ने कार्यक्रमलाई समेत उल्लेख गरिएको थियो। बूढीगण्डकी, पश्चिम सेतीजस्ता जलाशययुक्त आयोजना हरेक वर्षका कार्यक्रममा समेटिए, तर ती आयोजनाको 'मोडालिटी' नबन्दा हालसम्म कार्यान्वयन हुन सकेका छैनन्। महत्त्वाकाङ्क्षी आर्थिक वृद्धिको लक्ष्य तय गरियो तर कोरोनाका कारण आर्थिक वृद्धि शून्यभन्दा पनि तल गएको अवस्था देखियो।

राजनीतिक नेतृत्वको दबाबका आधारमा राखिएका कतिपय आयोजना अघिल्लो वर्ष राखिए र पछिल्लो वर्ष पुनः हराउने अवस्था पनि कायम रह्यो। कार्यान्वयन गर्ने संयन्त्र, प्राविधिक जनशक्ति एवं लगानीको स्रोतका बारेमा कहिल्यै ध्यान दिइएन। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्दराज पोखरेलका विचारमा व्यावहारिक धरातललाई आत्मसात् नगरी अगाडि सारिएका कार्यक्रम कार्यान्वयन हुन सक्दैनन् भन्ने तथ्यलाई बुझ्नुपर्छ।

सरकारले २४ वटा आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गरेको छ। त्योभन्दा अझ अगाडि बढेर रणनीतिक महत्त्वका रूपान्तरणकारी आयोजना भनेर थप गरिएको छ तर कसरी कार्यान्वयन गर्ने, लागत कसरी जोहो गर्ने भन्नेमा अधिकांश सरकारले ध्यान दिन सकेका छैनन्। नियमित दायित्व अन्तर्गत रहेका आयोजनालाई बजेट उपलब्ध गराउँदा गराउँदै ठूला आयोजनालाई बजेट नै नपुग्ने अवस्था छ। आयोगका पूर्वउपाध्यक्ष प्राडा पुष्पराज कँडेल पनि यो कुरालाई स्वीकार गर्छन्। देशभित्र बजेट नहुने, विदेशी लगानीकर्ता नआउँदा ठूला परियोजना अगाडि बढ्न नसकेको एवं राम्रो काम गर्नेलाई पुरस्कार र गलत गर्नेलाई दण्ड दिने संस्कारको अभाव रहेको उनको भनाइ छ।

**नीतिगत 'डिपार्चर'**

यसपटक भने सरकारले ठूला आयोजनामा ध्यान दिने र अरू सबै आयोजना तल पठाउने नीतिगत व्यवस्था गरेर एउटा नयाँ 'डिपार्चर' गरेको छ। कृषि, भौतिक पूर्वाधारमा जोड दिइएको छ। कोरोना कहर तथा रूस–युक्रेन सङ्घर्षका कारण बाह्य दबाबमा परेको अर्थतन्त्रलाई लयमा राख्ने सरकारको प्रयास छ। पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रियस्तरमा भएको भारी मूल्यवृद्धिको प्रभाव देशभित्र पनि परेको छ। त्यसले महँगी बढाएको छ। यद्यपि, सरकारले मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको छ।

नेपाल सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नीति तथा कार्यक्रम समुन्नत नेपाल बनाउन सक्ने खाकासहित आएको बताउँछन्। उनले दिगो शान्तिका साथ मुलुकलाई अगाडि बढाउने प्रतिबद्धता कार्यक्रममा व्यक्त भएको र धरातलीय आवश्यकतालाई सम्बोधन गरेको उल्लेख गरे। उनले भने, "नीति तथा कार्यक्रमले देशलाई समुन्नत गर्ने जुन हाम्रो सपना छ, त्यसलाई कार्यान्वयन गर्ने किसिमको छ, यसले अहिले मुलुकमा देखिएको आर्थिक विकासलाई अगाडि बढाउनुपर्ने अभियानमा जोड दिएको छ, यो केवल आश्वासन मात्रै होइन, कार्यान्वयन हुन्छ।"

पूर्वप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईले यसपटकको नीति तथा कार्यक्रम समग्रमा सकारात्मक भएको टिप्पणी गरेका छन्। उनले आफ्नै शैलीमा कार्यक्रम सकारात्मक भएपनि समग्र आर्थिक विकासलाई नीति तथा कार्यक्रम अपुग भएको उल्लेख गरेका छन्।

उद्योगी एवं सांसद विनोद चौधरीले सरकारको नीति तथा कार्यक्रमको मुक्तकण्ठले प्रशंसा गरेका छन्। उनले नीति तथा कार्यक्रममार्फत मुलुकलाई औद्योगिकीकरणमा लैजाने प्रतिबद्धता व्यक्त गरेको भन्दै कार्यान्वयनमा सबै संयन्त्र परिचालन गर्नुपर्नेमा जोड दिएका छन्। उनले भने, "उद्योग–व्यवसायको मात्र नभनौं, समग्रमा धेरै अध्ययन गरेर, धेरै क्षेत्रका कुरा बटुलेर, थुप्रेर बसेका समस्या समाधान गर्ने दृष्टिकोणबाट नीति तथा कार्यक्रम आएको छ।" सांसद चौधरी कार्यान्वयनको पाटोलाई दरिलो बनाउनु जरुरी रहेको बताउँछन्। उनले भने, "आशा गरौं, नीति तथा कार्यक्रम राम्रोसँग कार्यान्वयन भएर जानेछ।"

यसपटकको नीति तथा कार्यक्रमले घरजग्गाको कारोबारलाई नियमन गर्ने लक्ष्य राखेको छ। वास्तविक कारोबार एउटा हुने तर सरकारी निकायमा पुग्दा त्यसको कैयौं गुणा कम हुने अवस्थालाई मध्यनजर गर्दै एउटा उपयुक्त संयन्त्र निर्माण गर्ने लक्ष्य राखिएको छ। मालपोत कार्यालयले मासिकरूपमा प्रकाशित गर्ने विवरणका आधारमा पनि वास्तविकता पत्ता लगाउन मुस्किल परेकाले नयाँ संयन्त्रको खोजी गरिएको हो।

**रेलमा नारा छाडेर कार्यक्रम**

यसअघि रेलमार्ग निर्माणका विषय केवल नाराका रूपमा मात्रै राखिने गरिएको थियो। यसपटक स्पष्टरूपमा अध्ययनको प्रक्रिया अगाडि बढाउने विषय समावेश गरिएको छ। एकाध अर्बको लगानीमा गर्न सकिने रेलमार्गको अध्ययन पनि दाताको मुख ताक्दा लामो समयसम्म बढ्न नसकेको अवस्था छ। पूर्व–पश्चिम विद्युतीय रेलमार्ग हरेक वर्षको कार्यक्रममा समावेश गरिन्छ तर कार्यान्वयनमा लैजान नसकिएको अवस्था छ।

रसुवागढी–काठमाडौं रेलमार्गको हालत पनि उस्तै छ। केही समयअघि चिनियाँ विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणको क्रममा समेत सो रेलमार्गको अध्ययन शुरू गर्ने विषयमा सहमति भएको छ। त्यस्तै, वीरगंज–काठमाडौंलगायतका रेलमार्गको अध्ययन अघि बढाउने कार्यक्रम यसपटक समेटिएको छ। काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि महत्त्वपूर्ण ठानिएको मेट्रो रेलका बारेमा पनि यसअघि धेरै चर्चा भए।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य कार्यकाल नै पूरा गरेर बिदाइ हुने अवस्थामा पुगेका छन्। मेट्रो कि मोनो रेल भन्दाभन्दै उनको कार्यकालसमेत सकिएको छ। काम भने अगाडि बढ्न सकेन। सोही आयोजनाको विस्तृत अध्ययन गर्ने विषय समावेश गरेर सरकारले सुरुआती काम गर्ने प्रतिबद्धता यसपटक जनाएको छ।

नेपालका नदी प्रणालीमा आन्तरिक जल यातायात सम्भाव्यता पहिचान तथा विकास गर्ने विषयलाई यस वर्षको नीति कार्यक्रममा समेटिएको छ। अध्ययन नै नगरी स्थापना गरिएको पानीजहाज कार्यालय कामविहीन बन्न पुगेको छ। न त कर्मचारी, न त प्राविधिक क्षमता केही पनि नभएको सो कार्यालयका बारेमा आलोचना मात्रै बढी हुने गरेको छ।

हरेक वर्षजस्तै यसपटक पनि सार्वजनिक यातायातलाई थप प्रभावकारी बनाउन वातावरणमैत्री बृहत् बस परिवहन प्रणालीलाई प्रोत्साहन गर्ने विषय समेटिएको छ। विद्युतीय सवारीसाधनको प्रवर्द्धन र विकासका विषय पनि उत्तिकै समेटिएको छ। कर घटाउने र त्यसको प्रयोग बढाउने सन्दर्भमा यसअघि ठोस कार्यक्रम आउन सकेका थिएनन्।

**ऊर्जामा ध्यान**

वर्तमान सरकारले भने ऊर्जाका क्षेत्रमा बढी ध्यान दिएको छ। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले खाना पकाउने ग्याँसको विस्थापन, विद्युतीय सवारीसाधनको प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेको छ। ऊर्जामन्त्री पम्फा भुसालले 'विदेशी ग्याँस छाडौं, स्वदेशी बिजुली प्रयोग गरौं' भन्ने अवधारणालाई ऊर्जा मन्त्रालयको जिम्मेवारी लिएदेखि नै अगाडि बढाएकी छन्।

त्यस्तै, सरकारले आन्तरिक उत्पादन वृद्धि तथा औद्योगिकीकरणका लागि गुणस्तरीय पूर्वाधार निर्माण, लगानी प्रवर्द्धन, व्यावसायिक वातावरण निर्माण एवं सहजीकरण गर्न नीतिगत कानूनी, प्रणालीगत सुधार गर्ने लक्ष्य राखेको छ। ठूला तथा रणनीतिक महत्त्वका पूर्वाधार निर्माण तथा औद्योगिक विकासका लागि सार्वजनिक–निजी साझेदारीका अन्य उपयुक्त लगानी र निर्माण ढाँचा कार्यान्वयनमा ल्याउने सरकारको लक्ष्य छ।

# एनसेलद्वारा विद्यार्थीलाई सम्मान तथा छात्रवृत्ति वितरण

प्रस, काठमाडौं, ११ जेठ/

एनसेल आजियाटा लिमिटेडले इन्जिनीयरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसका पाँचवटा सङ्कायमा अध्ययनरत उत्कृष्ट विद्यार्थीलाई एनसेल छात्रवृत्ति तथा उत्कृष्टता सम्मान–२०७८ प्रदान गरेको छ। बुधवार एनसेलको मुख्य कार्यालय एनसेल आइकन, लैनचौरमा आयोजित कार्यक्रममा सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेशन, कम्प्युटर र मेकानिकल इन्जिनीयरिङ सङ्कायमा अध्ययन गर्ने उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्ति तथा उत्कृष्टता सम्मान प्रदान गरिएको थियो।

वर्ष २०७८ का लागि १८ वटा शीर्षकमा पाँचवटै सङ्कायका १८ जना विद्यार्थीलाई एनसेल छात्रवृत्ति प्रदान गरिएको छ। यस्तै, पाँच सङ्कायबाट स्नातक उत्तीर्ण गरेका छजना विद्यार्थीलाई एनसेल उत्कृष्टता सम्मान प्रदान गरिएको छ।




इन्जिनीयरिङ अध्ययन संस्थानका डीन प्राडा शशीधरराम जोशी र एनसेलका प्रमुख कार्यकारी अधिकृत एन्डी चोङले संयुक्तरूपमा विद्यार्थीहरूलाई एनसेल उत्कृष्टता सम्मान प्रदान गरेका थिए।

त्यसैगरी, एनसेलका प्रमुख मानव संसाधन तथा प्रशासकीय अधिकृत युवराज श्रीवास्तव, प्रमुख सूचना अधिकृत विशालमणि उपाध्याय, प्रमुख कानून, संस्थागत सरकारी तथा नियामक मामिला अधिकृत रमेश घिमिरे र प्रमुख वित्तीय अधिकारी अनुपम भाटले विद्यार्थीहरूलाई एनसेल छात्रवृत्ति प्रदान गरेका थिए।

कोभिड–१९ महामारीका कारणले गर्दा गत वर्ष छात्रवृत्ति तथा उत्कृष्टता सम्मानको कार्यक्रम आयोजना गर्न नसकिएकोले यसै कार्यक्रममा २०७७ सालका २४ जना विद्यार्थीलाई पनि उत्कृष्टता सम्मानको प्रमाणपत्र प्रदान गरिएको छ।

प्रत्येक छात्रवृत्ति तथा उत्कृष्टता सम्मान पुरस्कारको राशि रु १,००,००० रहेको छ।

# आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको नाम बदलियो

प्रस, धनुषा, ११ जेठ/

मधेस प्रदेश सरकारले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको नाम परिवर्तन गरेको छ। जेठ ६ गते बसेको मन्त्रिपरिषद्को बैठकमा मन्त्रालयको नाम गृह तथा सञ्चार मन्त्रालय राख्ने निर्णय भएको थियो।

आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले मन्त्रालयको नाम गृह तथा सञ्चार मन्त्रालय परिवर्तन गरिएको जानकारी गराए।

कानूनबमोजिम मन्त्रालयको नाम परिवर्तन गरी राजपत्रमा प्रकाशित गरिएको सचिव रामकुमार महतोले बताए।

प्रदेश सरकार स्थापनाकालदेखि उक्त मन्त्रालयको नाम आन्तरिक मामिला तथा कानून मन्त्रालय रहेको थियो भने मन्त्रालय भई कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय अलग गरिएको थियो। त्यसपछि पुनः नाम परिवर्तन गरी गृह तथा सञ्चार मन्त्रालय राखिएको छ।

# विवेकशील साझा पार्टीका अध्यक्ष मिश्रद्वारा राजीनामा

काठमाडौं, ११ जेठ/रासस

विवेकशील साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रले अध्यक्ष पदबाट राजीनामा दिएका छन्। उनले गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा दलको निराशाजनक परिणाम आएको जनाउँदै अध्यक्ष पदबाट आज राजीनामा दिएका हुन्।

"विगत पाँच वर्षको समयमा तन, मन र धनले भ्याएसम्म पहिले संयोजक र पछि अध्यक्षका रूपमा निस्स्वार्थ र इमानदार प्रयास गर्दागर्दै निर्वाचनमा निराशाजनक परिणाम आएकोले दल अध्यक्षको पदबाट नैतिकताको आधारमा राजीनामा दिएको छु, आगामी दिनमा दलको साधारण सदस्य मात्र रहिरहनेछु," विज्ञप्तिमा भनिएको छ।

उनले आफ्ना दलका उम्मेदवार इमानदार र सक्षम हुँदाहुँदै पनि राम्रो नतीजा हासिल गर्न नसक्नुको जिम्मेवारी आफूले लिने स्पष्ट पारे। बाराको एक स्थानीय तह र दुईवटा वडामा आफ्नो दलका उम्मेदवार विजयी हुनु उम्मेदवारकै लोकप्रियताले भएको सो दलले जनाएको छ।

अध्यक्ष मिश्रले विगत पाँच वर्षमा दल प्रतिकूल अवस्थामा हुँदा पनि कति विचलित नभई दल निर्माणमा दृढताका साथ लागिरहने नेता तथा सदस्य आफ्नो दललाई आर्थिक, नैतिक र भौतिकरूपमा सहयोग गर्ने नेपालभित्र र बाहिर रहेका सम्पूर्ण शुभेच्छुकलाई धन्यवाद दिएका छन्।

उनले विवेकशील साझाले उठाएका प्रमुख मुद्दा र नारा आजभोलि धेरै दल र तिनका नेताहरूले उठाउन र बोल्न थालेको बताउँदै विवेकशील साझाले उठाएका प्रमुख मुद्दा सम्बोधन नगरेसम्म देशको रूपान्तरण सम्भव नहुने बताए।



वीरगंज महानगरको स्थानीय तह निर्वाचनको मतगणना स्थल वीरगंज नृसिंह मावि परिसर। वैशाख ३१ गतेदेखि मतगणना नसकुन्जेल सो मावि परिसरको सरसफाइको जिम्मा वीरगंज महानगरका कर्मचारी वीरगंज–२ मिथिलानगरका अशोक मल्लिकको काँधमा थियो। उमेरले ४० र १६ वर्षको उमेरदेखि निरन्तर फोहरमैला व्यवस्थापनमा दत्तचित्त भएर उनी लागेका छन्। उनी महानगरका स्थायी कर्मचारी हुन्। तस्वीरः पङ्कज श्रेष्ठ

## सन्दर्भ : विश्व थाइराइड दिवस- 'समयमा उपचार गरे जटिल बन्दैन थाइराइड'


चितवन, ११ जेठ/रासस

समयमैं उपचार गरे थाइराइड रोग जटिल नबन्ने चिकित्सक बताउँछन्। यो रोगको अध्ययन अनुसन्धानसँगै उपचारमा सक्रिय इन्डोक्राइनोलोजिस्ट डा सौरभ खतिवडा थाइराइडसम्बन्धी रोग लागेमा आत्तिनुनपर्ने तर समयमा सही उपचार गर्नुपर्ने बताउँछन् ।

उनले भने, "समयमा उपचार गरेर थाइराइडलाई नियन्त्रणमा राख्न सकिन्छ," भारतको नयाँ दिल्लीस्थित एम्सबाट इन्डोक्राइनोलोजीमा डिएम गरेका खतिवडा कुनै खानेकुराले थाइराइड बनाउने नभई शरीरको 'एन्टीबडी'का कारणले हुने बताउँछन् । उनले भने, "थाइराइड कुनै भाइरल इन्फेक्शनपछि दुख्ने हुन्छ। कुनै जेनेटिक कारणले हुन्छ। थाइराइडको परीक्षण र उपचार पद्धति राम्रोसँग विकास भएको छ।"

चितवन मेडिकल कलेजमा कार्यरत खतिवडा थाइराइडका कारण क्यान्सर नै भएपनि यसले मानिसको आयु नघटाउने बताउँछन् । उनले भने, "थाइराइडका अरू समस्या त झनै सजिलै समाधान गर्न सकिन्छ । चिकित्सकको सल्लाहबमोजिम गर्नुपर्छ । औषधि आफैं खान बन्द गर्नुहुँदैन। खानपान चिकित्सकले भनेमा मात्रै बार्ने गर्नुहोला।"

उनले थाइराइडका बिरामीले खानेकुरा बार्नु नपर्ने बताए । उनले समयसँगै थाइराइडसम्बन्धी रोग परिवर्तन भएको बताउँदै भने, "अहिले थाइराइड हर्मोन घट्ने वा बढ्ने शरीरको एन्टीबडीका कारणले हुने गर्दछ। त्यस कारण कुनै खानेकुराका कारण हुने होइन," चिकित्सकको सल्लाहबमोजिम




औषधिसेवन गर्नु नै उत्तम उपाय भएको उनको भनाइ छ ।

उनका अनुसार घाँटीको अगाडि तलपट्टि हुने सानो ग्रन्थीलाई थाइराइड भनिन्छ। यसमा दुई वटा भाग हुन्छन् । यसले शरीरलाई आवश्यक पर्ने महत्त्वपूर्ण हर्मोन उत्पादन गर्दछ ।

यो हर्मोन हाम्रो दैनिक जीवनमा धेरै महत्त्वपूर्ण छ । यो हर्मोनले बच्चाको दिमागको वृद्धि विकासदेखि वयस्क मानिसमा काम गर्ने जाँगर, स्फूर्ति, मुटुको कामका लागि, खाना पचाउने, शरीरको मोटोपनलाई सन्तुलनमा राख्ने काम गर्ने उनले बताए।

थाइराइड हर्मोन कमी वा बढी भएमा फरक-फरक लक्षण देखिने डा खतिवडा बताउँछन् । उनले भने, "थाइराइडमा कहिलेकाहीं ट्यूमर पनि पलाउँछ । ट्युमरमध्येमा सबैभन्दा सजिलै उपचार गर्न सकिने भनेको थाइराइडको ट्युमर हो । यस्तो ट्युमरको उपचार गर्दा बिरामीको आयु पनि घट्दैन।"

साधारणतया मानिसलाई थाइराइड हर्मोन घट्दा थकाइ लाग्ने, कसैकसैलाई खुट्टा सुन्निने, अनुहार फुस्रो हुने, कपाल झर्नेजस्ता लक्षण देखिने उनी बताउँछन्। यस्तै, बढ्दा आत्तिने, हात काप्ने, मुटु ढुकढुक हुने, गर्मी धेरै महसूस हुनेजस्ता लक्षण देखिन्छन् ।

थाइराइडको उपचार तीन किसिमले गरिने उनको भनाइ छ। एउटा औषधिको सेवन, दोस्रोमा झोल औषधिको प्रयोग गरेर ग्रन्थी सुकाउने र तेस्रो शल्यक्रिया गर्ने उनी बताउँछन्। तर पछिल्लो समय शल्यक्रियाभन्दा झोल औषधिको प्रयोग गरेर सुकाउने विधि धेरै प्रयोगमा आउने गरेको उनको भनाइ छ ।

घाँटी दुख्दैमा थाइराइड नहुने बताउँदै उनले भने, "घाँटी दुखेमा कहिलेकाहीं मात्रै थाइराइड हुन सक्छ। त्यसैले घाँटी दुख्दा भेट्ने भनेको नाक, कान, घाँटी विशेषज्ञ चिकित्सकलाई हो।" कहिलेकाहीं थाइराइडबाट क्यान्सरमा परिणत हुन सक्ने उनको भनाइ छ । उनले भने, "घाँटीमा गाँठागुँठीजस्ता लाग्यो भने त्यसको अल्ट्रासाउन्ड गरेर क्यान्सर हो होइन, पत्ता लगाउँछौं । कहिलेकाहीं टिस्युको परीक्षण गरेर पनि क्यान्सर पत्ता लगाउँछौं।" क्यान्सर पहिचान भयो भने पनि शल्यक्रिया र रेडियोथेरापी गरेर सजिलै निको पार्न सकिने उनको भनाइ छ ।

थाइराइड भएको बिरामीले के खान हुन्छ, के खानुहुँदैन भन्ने धेरैलाई जिज्ञासा हुने उनको अनुभव छ । उनले भने, "समयसँगै थाइराइडसम्बन्धी रोग परिवर्तन भएको छ । पहिला पहिला गलगाँडको धेरै समस्या हुन्थ्यो, त्यो समयमा काउली, बन्दा, तरुललगायतका तरकारी कम प्रयोग गर्नुपर्छ भन्ने चलन आएको थियो ।" पछिल्लो समय थाइराइड हर्मोन घट्ने वा बढ्ने शरीरको एन्टीबडीका कारणले हुने भन्दै उनले कुनै खानेकुराका कारण थाइराइड नहुने बताए ।

## मधेस केन्द्रित दल आफ्नै ठाउँमा कमजोर

लहान, ११ जेठ/रासस

मधेस प्रदेशको सिराहामा मधेस केन्द्रित दलहरू कमजोर देखिएका छन्। स्थानीय तह निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक हुँदा सिराहामा मधेस केन्द्रित जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को अवस्था कमजोर बनेको छ ।

सिराहाको १७ स्थानीय तहमध्ये जसपाले चार जित्दा लोपसाले खातासमेत खोल्न सकेन । सिराहामा एमाले पहिलो र जसपा दोस्रो शक्तिका रूपमा उभिएको छ। जसपाले अघिल्लो निर्वाचनमा जितेको जति परिणाम ल्याउन नसके पनि दोस्रो शक्तिका रूपमा कायम भएको छ । विसं २०७४ को स्थानीय तह निर्वाचनमा सिराहाका छ स्थानीय तह जितेको जसपाले यसपालि चार मात्र जितेको छ। जसपाले पहिला जितेको सिराहा नगरपालिका, भगवानपुर गाउँपालिका, विष्णुपुर गाउँपालिका, नरहा गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका र बरियारपट्टि गाउँपालिकामध्ये यसपालि बरियापट्टि गाउँपालिकामा मात्र आफ्नो पुरानो साख कायम राख्न सकेको छ। जसपाले पहिला जितेको पाँचवटै पालिका गुमाउँदा नयाँ तीनवटा पालिका जितेको छ ।

औरही गाउँपालिका र अर्नमा गाउँपालिका नेकपा (माओवादी केन्द्र)सँग खोसेको जसपाले काङ्ग्रेसबाट नवराजपुर गाउँपालिका खोसेको छ । कतिपय स्थानीय तहमा जीतनजीक पुगे पनि परिणाम आफ्नो उम्मेदवारको पक्षमा नआएको जसपाका नेताहरूले बताएका छन् ।

सप्तरीमा तीन स्थानीय तह जितेको लोसपाले सिराहामा भने एउटा पनि पालिका जित्न सकेको छैन । मधेस केन्द्रित दल आपसमा विभाजित हुनु, बिस्तारै नेताहरूमा विलासिता बढ्दै जानु र अवसर पाएका बेला जनअपेक्षा अनुसार काम गर्न नसक्नुजस्ता कारणले मधेस केन्द्रित दल कमजोर बनेको विश्लेषकको भनाइ छ । एमालेले सिराहाका १७ पालिकामध्ये एक्लैले नौ स्थानीय तह जितेको छ ।

विसं २०७४ को स्थानीय तह निर्वाचनमा सिराहाको तीन स्थानीय तह मात्र जित्न सकेको एमालेले यसपालि नौ स्थानीय तह जित्न सफल भएको छ । अघिल्लो निर्वाचनमा जितेको लहान नगरपालिका, सुखीपुर नगरपालिका र सखुवाननकारकट्टि गाउँपालिकामध्ये यसपालि एमालेले सुखीपुर नगरपालिका मात्र दोहोऱ्याएर जित्न सकेको छ ।

अघिल्लो निर्वाचनमा माओवादी केन्द्रले जितेको धनगढीमाई नगरपालिका, गोलबजार नगरपालिका र कर्जन्हा नगरपालिका यसपालि एमालेले जित्दा सबैभन्दा बढी वडा भएको लहान नगरपालिका भने एमालेले गुमाएको छ। त्यहाँ काङ्ग्रेसले प्रमुख र जसपाले उपप्रमुख जितेको छ। विसं २०७४ को निर्वाचनमा जसपाले जितेको सिराहा नगरपालिका, भगवानपुर गाउँपालिका, विष्णुपुर गाउँपालिका र नरहा गाउँपालिकामा यसपालि एमालेले जीत निकालेको छ। यस्तै, अघिल्लो निर्वाचनमा काङ्ग्रेसले जितेको कल्याणपुर नगरपालिकाको प्रमुख र उपप्रमुखमा एमालेले नै जितेको छ ।

दलको सही निर्णय, नेता, कार्यकर्ताको सक्रियता र मतदाताको विश्वासका कारण जिल्लाका धेरै स्थानीय तहमा आफ्नो दलका उम्मेदवारले जीत निकाल्न सफल भएको एमाले नेता एवं पूर्वमन्त्री लीलानाथ श्रेष्ठले बताए । "हामीले सही मूल्याङ्कन गरी उपयुक्त व्यक्तिलाई टिकट दियौं," उनले भने, "नेता-कार्यकर्तालाई पनि खटायौं, उहाँहरू इमानदारीतापूर्वक खट्नुभयो र मतदाताले हाम्रा उम्मेदवारलाई विश्वास गर्नुभयो, त्यसकै परिणामस्वरूप आज हामी जिल्लामा बलियो पकड बनाउन सफल भयौं।"

दुई छिमेकी जिल्ला धनुषा र सप्तरीमा बलियो पकड बनाएको काङ्ग्रेस सिराहामा भने तेस्रो शक्तिमा सीमित भएको छ। काङ्ग्रेस सिराहामा पूर्ववत् अवस्थामा देखिएको छ । अघिल्लो निर्वाचनमा दुई पालिका जितेको काङ्ग्रेसले यसपालि पनि दुई पालिका जितेको छ। काङ्ग्रेसले पहिला जितेको कल्याणपुर नगरपालिका र नवराजपुर गाउँपालिका गुमाउँदा यसपालि लहान नगरपालिका र लक्ष्मीपुर पतारी गाउँपालिका जितेको छ।

दलभित्रको घात-अन्तर्घात तथा मतदातामा भएको व्यापक रकमी चलखेलका कारण आफूहरूले चाहेजस्तो नतीजा निकाल्न नसकेको काङ्ग्रेस सप्तरीका सभापति रामचन्द्र यादवले बताए ।

अघिल्लो चुनावमा पूर्व-पश्चिम राजमार्गमा पर्ने अधिकांश पालिकासहित सिराहाका छ पालिका जितेर ठूलो दल बनेको माओवादी केन्द्र यसपालि भने एउटा पालिकामा सीमित भएको छ । अघिल्लो निर्वाचनमा माओवादी केन्द्रले जितेको धनगढीमाई नगरपालिका, गोलबजार नगरपालिका, कर्जन्हा नगरपालिका, मिर्चैया नगरपालिका, औरही गाउँपालिका र अर्नमा गाउँपालिकामध्ये मिर्चैयाबाहेक सबै पालिका गुमाएको छ । जितेका सबै पालिकामा माओवादी केन्द्रले पुरानै उम्मेदवारलाई दोहोऱ्याएको थियो । मिर्चैया नगरपालिकाका प्रमुख र उपप्रमुख मात्र जित्न सकेको छ। बाँकी सबै गुमाएको माओवादी केन्द्रका नेता दीलिप साहले बताए ।

दलभित्रको गुट-उपगुट, घात-अन्तर्घात र पुरानै उम्मेदवारलाई निरन्तरता दिने जस्ता कारणले दलले अधिकांश स्थानीय तह गुमाएको उनको भनाइ छ। एउटा गाउँपालिकाको अध्यक्ष जितेर नेकपा (एकीकृत समाजवादी)ले सिराहामा आफ्नो उपस्थिति जनाएको छ । एकीकृत समाजवादीले सखुवाननकारकट्टि गाउँपालिकाको अध्यक्ष जितेको छ। सो गाउँपालिकाको उपाध्यक्षमा भने काङ्ग्रेस विजयी भएको छ।

## विद्यालयलाई पङ्खा हस्तान्तरण

प्रस, पर्सागढी, ११ जेठ/

वीरगंज महानगर-३१ का नवनिर्वाचित अध्यक्ष जीतेन्द्र यादवले




विद्यालय र स्वास्थ्य केन्द्रलाई पङ्खालगायतका सामग्री सहयोग गरेका छन् ।

भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा एमालेबाट निर्वाचित यादवले बुधवार वीरगंज-३१ इस्लामपुरमा रहेको उन्नति प्रावि आधारभूत विद्यालयलाई तीनवटा पङ्खा र एक सेट खानेपानीको धारा सहयोग गरे ।

यसैगरी, स्वास्थ्य सामुदायिक एकाइ सोलखपुरलाई दुई थान पङ्खा सहयोग गरे । एकाइ प्रमुख रूमा चौधरीलाई वडाध्यक्ष यादवले पङ्खा हस्तान्तरण गरेका थिए ।

यसैगरी, नेरामावि सोलखपुरलाई ११ थान पङ्खा र एक कार्टुन सेनिटरी प्याड सहयोग गरेका छन्। निमित्त प्रअ सुरेश झालाई वडाध्यक्ष यादवले सो सामग्री हस्तान्तरण गरेका हुन् ।


कार्यक्रममा बालेश्वर महतो थारू, उदरनयन अन्सारी, सिकेन्द्र महतो, हैदर मियाँ, हेमबहादुर आचार्यलगायतको सहभागिता थियो ।

## फरक समाचार

### मङ्कीपक्सको औषधि छैन कसरी उपचार गर्ने ?

मङ्कीपक्सको मामिला तीव्र गतिले बढ्दैछ । रोयटर्सको रिपोर्ट अनुसार संसारका १९ वटा देशमा यसको २३७ वटा मामिला भेटिएका छन् । विश्व स्वास्थ्य सङ्गठनले संसारमा चेतावनी जारी गर्दै भनेको छ, यो रोग अझै बढ्न सक्छ ।

डब्लुएचओका इमर्जेन्सी डिपार्टमेन्टका पूर्वप्रमुख डा डेभिड हेमैनको भनाइ




छ, मङ्कीपक्स यौन सम्बन्धको कारण बढिरहेको छ। यस कारण समलिङ्गीहरूमा यसको खतरा झनै बढी छ। अहिलेसम्म यसको कुनै विशेष औषधि बनाइएको छैन, त्यसो भए उपचार कसरी गर्ने र रोगी कसरी निको भइरहेका छन् भन्ने प्रश्न उब्जिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको भनाइ अनुसार सङ्क्रमणपछि साधारणतया मङ्कीपक्सको लक्षण ६ देखि १३ दिनभित्र देखिन्छ। तर यसको लक्षण ५ देखि २१ दिनभित्र पनि देखिन सक्छ। सङ्क्रमण भएपछि पाँच दिनभित्र ज्वरो, टाउको दुख्ने, थकान र पछाडिपट्टिको भागमा दुखाइ हुन्छ। ज्वरो आएको एक/दुई दिनपछि छालामा असर देखिन्छ र दाना पलाउन थाल्छ। यसको ९५ प्रतिशत मामिला अनुहारमा र ७५ प्रतिशत मामिला हात र खुट्टाको तल्लो भागमा दाना देखिन्छ।

यसको लक्षण दुईदेखि चार सातासम्म देखिन्छ। त्यसपछि सबैभन्दा बढी गम्भीर मामिला बच्चाहरूमा हुन्छ। भाइरसको असर, रोगीको स्वास्थ्यले नै तय गर्छ कि सङ्क्रमणको असर कति गम्भीर हुन्छ। डब्लुएचओका अनुसार मङ्कीपक्स सङ्क्रमणबाट त्यस्ता व्यक्ति गम्भीर हुन्छन्, जसको रोगसँग लड्ने क्षमता कम हुन्छ। यसको लक्षण दादुरा जस्तै हुन्छ।

मङ्कीपक्सको अहिलेसम्म कुनै विशेष औषधि बनाइएको छैन। डब्लुएचओको भनाइ छ, यसको उपचार एन्टिभाइरल औषधिबाट गरिँदैछ। उपचारमा सबैभन्दा बढी ध्यान यसको लक्षणलाई कम गर्न दिइँदैछ। दादुराजस्तै लक्षण देखिने हुनाले यसको उपचार दादुराको औषधिबाट गरिँदैछ। यो एउटा एन्टिभाइरल औषधि हो, जसलाई टेकोविरिमेट भनिन्छ। युरोपियन मेडिकल एशोसिएशनले यसलाई मान्यता दिइएको छ। यद्यपि यो औषधि संसारभरि उपलब्ध छैन। अन्य देशमा अलगै प्रकारको एन्टिभाइरल औषधिबाट मङ्कीपक्सको उपचार गरिँदैछ।



**उपचार गराउँदा ध्यान दिनुपर्ने कुराः** डब्लुएचओ अनुसार रोगीको शरीरमा पानीको कमी हुनुहुँदैन । उसलाई भोको पनि राख्नुहुँदैन। पोषक तत्त्वले भरिपूर्ण खाना दिनुपर्छ। रोग प्रतिरोधक क्षमता अनुसार रोगी निको हुन समय लाग्छ। मान्छे र जनावरको सम्पर्कमा रोगी बस्नुहुँदैन।

**कसरी फैलियोः** मङ्कीपक्स कुनै सङ्क्रमित व्यक्ति वा जनावरसँग सम्पर्कको माध्यमबाट वा भाइरसबाट दूषित सामग्रीको माध्यमबाट मान्छेमा फैलिन्छ। यो रोग घाउ, शरीरको तरल पदार्थ, हाछ्यूँ, खोकी, ओछ्यानजस्ता माध्यमबाट फैलिन्छ। शरीरमा कुनै लक्षण देखिए तुरुन्तै चिकित्सकसँग सल्लाह लिनुपर्छ। शरीरमा पानीको कमी हुनुहुँदैन।

**समलिङ्गी सम्बन्धबाट रोग विस्तारः** युरोपमा हालै भएको एउटा सामाजिक उत्सवमा यौन सम्पर्कको माध्यमबाट यो रोग समलैङ्गिक पुरुषमा फैलिएको आशङ्का गरिएको छ। हाल ब्रिटेन र युरोपमा मङ्कीपक्सका रोगी बढी देखिएका छन्। किनभने त्यहाँ गे र बायसेक्युअलको सङ्ख्या बढी छ। अफ्रिकी देशमा यो रोग देखिएको छैन । स्पेन र पोर्चुगलका अधिकारी अनुसार यहाँ स्वास्थ्य चेकजाँचको क्रममा समलिङ्गी पुरुषमा सङ्क्रमण पुष्टि भइरहेको छ। ब्रिटेनका चिकित्सकहरूले आगामी समयमा यो रोग बढ्न सक्ने आशङ्का गरेका छन्।

डब्लुएचओका सल्लाहकार डा डेभिड हेमैनका अनुसार समलैङ्गिक पुरुषमा मङ्कीपक्सको सङ्क्रमण फैलिने कारण स्पेन र बेल्जियममा भएका दुईवटा रेव पार्टी हुन सक्छ। रेव पार्टी यस्तो उत्सव हो, जहाँ डान्स, म्युजिकका अलावा ड्रग्स र सेक्सको पनि हुने गर्छ। यस उत्सवमा करीब ८० हजार व्यक्ति सहभागी भएका थिए। यस कारण अधिकारीहरूले मङ्कीपक्स र यस उत्सवबीच सम्बन्ध हुन सक्ने भन्दै जाँच गरिरहेका छन्।

मङ्कीपक्सको भाइरस आँखा, नाक, र मुखको माध्यमबाट फैलिन सक्छ। साथै रोगीको कपडा, भाँडाकुँडा, ओछ्यानबाट पनि सर्छ। यसको अलावा बाँदर, मुसा, न्याउरी आदि जनावरले टोकेपछि अथवा उनीहरूको रगत र शरीरको तरल पदार्थको सम्पर्कमा आउँदा पनि मङ्कीपक्स फैलिन सक्छ।

डब्लुएचओका सल्लाहकार एन्डी सिलले भने मङ्कीपक्स एउटा यौन रोग यानी सेक्सुअली ट्रान्समिटेड डिजिज होइन। यसको मतलब यो सिमेन वा महिलाहरूको गोप्य अङ्गको तरल पदार्थबाट फैलिँदैन। यद्यपि यौन सम्पर्कको क्रममा सङ्क्रमित व्यक्तिको नजीक पुगेपछि यो रोग फैलिने स्म्भावना बढ्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्कामा औषधि अभावले बिरामीहरू मृत्युको मुखमा

कोलम्बो, ११ जेठ/रोयटर्स

अकल्पनीय आर्थिक सङ्कट झेलिरहेको श्रीलङ्कामा बढ्दो औषधिको अभावले चाँडै नै धेरैलाई मृत्युको मुखमा पुऱ्याउन सक्ने चिकित्सकले बताएका छन्।

जीवनदायी आवश्यक औषधिको अभावमा अस्पतालहरूले बिरामीको जीवन बचाउने प्रक्रिया स्थगन गर्न बाध्य हुनुपरेको उनीहरूले जनाएका छन्।

श्रीलङ्काले ८० प्रतिशतभन्दा बढी औषधिको आपूर्ति आयातबाट गर्दै आएको भएपनि सङ्कटका कारण विदेशी मुद्रा सञ्चिति सकिएको छ। औषधि भण्डार र पसल रित्तिएका छन् भने स्वास्थ्य सेवा प्रणाली ध्वस्त हुने अवस्थामा पुगेको छ।

राजधानी कोलम्बोको बाहिरी भागमा रहेको ९५० शय्याको एपेक्षा क्यान्सर अस्पतालमा परीक्षण र शल्यक्रियालगायत प्रक्रिया स्थगन गर्नुपर्ने परिस्थिति उत्पन्न भएको छ भने औषधि अभावका कारण बिरामी, तिनका आफन्त र चिकित्सक असहाय महसुस गरिरहेका छन्। क्यान्सरका बिरामीका लागि यो स्थिति ज्यादै जटिल भएको डा रोशन अमरतुङ्गा बताउँछन्।

“कहिलेकाहीं हामी शल्यक्रियाको लागि योजना बनाउँछौं तर त्यो दिन शल्यक्रिया गर्न असमर्थ हुन्छौं, किनकि त्यहाँ औषधिको आपूर्ति छैन,” औषधिको चरम अभावले बिरामीको ज्यान जोखिममा परेको पीडादायी परिस्थितिको वर्णन गर्दै उनी भन्छन्।

भारत, जापानलगायत बहुपक्षीय दाताले औषधि आपूर्तिमा मदत गरिरहेका छन्। तर पनि अस्पतालमा ती जीवनदायी ओखती आउन चार महिना लाग्न सक्ने उनी बताउँछन्। सरकारले पनि स्वदेश र विदेशमा रहेका निजी दातालाई सहयोगको लागि आह्वान गरेको उनले बताए। यदि स्थितिमा शीघ्र सुधार भएन भने धेरै बिरामीले मृत्युदण्डको सामना गर्नुपर्ने उनले बताए।

सन् १९४८ मा श्रीलङ्का स्वतन्त्र भएपछि सबैभन्दा ठूलो आर्थिक सङ्कटको सामना गरिरहेको छ। कोभिड-१९ का कारण पर्यटन-निर्भर अर्थतन्त्रमा नराम्रो असर मात्र परेन तेलको मूल्यमा वृद्धि, लोकप्रिय कर कटौती र रासायनिक मलको आयातमा गरिएको प्रतिबन्धले कृषि क्षेत्रलाई पनि तहसनहस पारेको छ।


तस्वीरः रायटर्स

स्वास्थ्य सामग्री खरीदमा काम गर्ने एक सरकारी अधिकारीले डायलाइसिसका बिरामीका लागि सुई, प्रत्यारोपण गरेका बिरामीका लागि औषधि र क्यान्सरका केही औषधिलगायत करीब १८० प्रकार औषधि क्रमशः सकिँदै गएको बताएका छन्। अवस्थाको गम्भीर्य र परिणामबारे सचेत भएकाले चिकित्सकहरू बिरामी वा उनीहरूका आफन्तभन्दा बढी चिन्तित भएका छन्।

पेट्रोल र खाना पकाउने ग्याँसको लागि सर्वव्यापी लामलाई उल्लेख गर्दै सरकारी चिकित्सक सङ्घका प्रवक्ता डा वासन रत्नसिङ्गमले उपचारको पर्खाइमा रहेकाको स्थिति भयावह भएको बताएका छन्।

यदि बिरामी औषधिका लागि लाइनमा छन् भने तिनीहरूले आफ्नो ज्यान गुमाउने अवस्था आएको उनले बताए।

आफ्नी चार वर्षीया छोरी बिनुली बिमसराको रक्तसम्बन्धी जटिल रोगको उपचार गराइरहेकी आमाले आफू र पति भयभीत भएको बताइन्। “पहिले हामीसँग कम्तीमा केही आशा थियो किनभने हामीसँग औषधि थियो तर अहिले हामी ठूलो डरमा बाँचिरहेका छौं। हामी साँच्चै असहाय छौं, औषधिको अभाव भएको सुन्दा हाम्रो भविष्य साँच्चै अन्धकार छ। छोराछोरीलाई उपचारका लागि विदेश लैजान हामीसँग पैसा छैन,” बिमसराकी आमाले भनिन्।

भारतले हालै २५ टन औषधिसहितका चिकित्सा सामग्री आपूर्ति गर्नुका साथै अन्य सहायता उपलब्ध गराएको छ। “भारतले यो हदसम्म कुनै पनि अन्य देशलाई सहयोग गरेको छैन, हामी भारतप्रति आभारी छौं,” श्रीलङ्काका विदेशमन्त्री जिएल पेरिसले कोलम्बोको बन्दरगाहमा चिकित्सा सामग्रीका हजारौं बोरा बोकेको जहाजको छेउमा उभिएर भने। श्रीलङ्काले स्वतन्त्रता प्राप्त गरेपछि सामना गर्नुपरेको यो सबैभन्दा कठिन समय भएको छ। रासस

## उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रक्षेपण

सोल, ११ जेठ/सिन्हवा

प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले पूर्वतर्फ क्षेप्यास्त्र प्रहार गरेको छ। उसले आफ्नो पूर्वी जलक्षेत्रमा तीनवटा क्षेप्यास्त्र प्रहार गरेको दक्षिण कोरियाका संयुक्त चिफ अफ स्टाफ (जेसिएस)ले बताएका छन्।

जेसिएसले स्थानीय समय अनुसार क्रमशः बिहान ६, ६:३७ र ६:४२ बजे प्योङयाङको सुनान क्षेत्रबाट प्रक्षेपण पत्ता लगाएको हो। योसँगै यो वर्ष उत्तर कोरियाले १७औं पटक क्षेप्यास्त्र प्रक्षेपण गरेको छ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक-योलले उत्तर कोरियाको क्षेप्यास्त्र प्रक्षेपणपछि राष्ट्रिय सुरक्षा परिषद् (एनएससी)को बैठक गरेका राष्ट्रपति कार्यालयले जनाएको छ।

**उत्तर कोरियाले तीन ब्यालेस्टिक क्षेप्यास्त्र हानेको दक्षिण कोरियाको दाबी**

सोल/सिन्हवा

उत्तर कोरियाली सरकारले तीनवटा ब्यालेस्टिक क्षेप्यास्त्र हानेको दाबी दक्षिण कोरियाले गरेको छ। दक्षिण कोरियाली जोइन्ट चिफ अफ स्टाफले सो कुरा बताएको हो। दक्षिण कोरियाली जोइन्ट चिफ अफ स्टाफले दिएको जानकारी अनुसार प्योङयाङको सुनान क्षेत्रमा यी क्षेप्यास्त्र हानेको पाइएको बताएको छ।

बुधवार बिहान ६:३७ देखि ६:४२ सम्म ती क्षेप्यास्त्र हानेको पाइएको समाचारमा जनाइएको हो। बुधवार बिहान प्रहार गरेका यी तीन ब्यालेस्टिक क्षेप्यास्त्रसहित उत्तर कोरियाली सरकारले १७औं पटकसम्म क्षेप्यास्त्र हानेको पनि दक्षिण कोरियाली सरकारले जनाएको छ।

दक्षिण कोरियाली समाचार समिति योन्हापले उत्तर कोरियाबाट यी क्षेप्यास्त्रहरू प्रहार हुन सक्ने अनुमान भइरहेका बेला ती क्षेप्यास्त्र परीक्षण भएको पाइएको बताइएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनको दक्षिण कोरिया र जापानमा भएको भ्रमणको एक दिनपछि उत्तर कोरियाले यो क्षेप्यास्त्र हानेको पाइएको छ। रासस

## टेक्सास विद्यालय नरसंहार

उभाल्डे, टेक्सास, ११ जेठ/एपी

अमेरिकी इतिहासको अर्को त्रासदिपूर्ण विद्यालय गोलीकाण्ड भएको छ। यहाँको प्राथमिक विद्यालयमा आज बिहान भएको आक्रमणमा १८ जना बालबालिकासहित २१ जनाको हत्या भएको छ भने कैयौं गम्भीररूपमा घाइते भएका छन्।

टेक्सास राज्यको सान एन्टोनियोबाट १३४ किलोमिटर टाढा रहेको उभाल्डे शहरको रोब प्राथमिक विद्यालयमा एकजना २१ वर्षीय बन्दुकधारीले कक्षा कोठामा प्रवेश गरी अन्धाधुन्ध गोली चलाउँदा उनीहरूको मृत्यु भएको हो।

प्रहरी कारबाईमा आक्रमणकारी पनि मारिएको जनाइएको छ। टेक्सासका गभर्नर ग्रेग एबोटले हत्यारालाई विद्यालय रहेको इलाकाका बासिन्दा साल्भाडोर रामोसको रूपमा पहिचान गरेका छन्।

यो नरसंहार सन् २०१२ को डिसेम्बरमा कनेक्टिकटको स्यान्डी हुकमा भएको डरलाग्दो हमलापछि अमेरिकी प्राथमिक विद्यालयमा भएको सबैभन्दा घातक हमला हो। स्यान्डी हुक हमलामा २० बालबालिकासहित छजना वयस्क मारिएका थिए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – बेचैनी | वृष – धनलाभ |
| मिथुन – सफलता | कर्कट – अस्वस्थता |
| सिंह – रोगभय | कन्या – व्यापारवृद्धि |
| तुला – शत्रुभय | वृश्चिक – कार्यनाश |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – कान्तिक्षय | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।
वीरगंज महानगरपालिका

## फतुवा विजयपुरमा यादव निर्वाचित

प्रस, रौतहट, ११ जेठ/

फतुवा विजयपुर नगरपालिकाको प्रमुख पदमा नेपाली काङ्ग्रेसका गोपालराय यादव निर्वाचित भएका छन्।


तस्वीरः प्रतीक

उनी चार हजार ८५१ मत ल्याइ निर्वाचित भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी एमालेका विजय यादवले तीन हजार ३६१ मत ल्याएका थिए।

उपप्रमुखमा नेकाका अमवेया खातुन पाँच हजार १६२ मत ल्याइ विजय भएकी छन् भने एमालेका कान्तिदेवीले तीन हजार ६६८ मत ल्याएकी थिइन्।

उनी २०७४ सालको स्थानीय निर्वाचनमा माओवादी केन्द्रबाट उपप्रमुखमा निर्वाचित भएकी थिइन्।

वडा नं १ देखि ९ सम्म क्रमशः नेकाका विजयकुमार यादव, एमालेका अनिरुद्धप्रसाद यादव, नेकाका रामेश्वरप्रसाद यादव, सतीशकुमार यादव, शेख एराज अहमद, एमालेका रामएकबालराय यादव, नेकाका रामविश्वासराय यादव, नितेशकुमार चौधरी र राकेश यादव निर्वाचित भएको निर्वाचन कार्यालयले जनाएको छ।

## नवनिर्वाचित जनप्रतिनिधिद्वारा पदभार ग्रहण

प्रस, वीरगंज, ११ जेठ/

छिपहरमाई गाउँपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूले बुधवार कार्यभार सम्हालेका छन्। अध्यक्षमा दोस्रोपटक निर्वाचित मनोजकुमार गुप्ता र उपाध्यक्ष लीलावतीदेवी कानूसहित वडाध्यक्ष तथा सदस्यहरूले शपथग्रहण गरेसँगै कार्यभार सम्हालेका छन्। छिपहरमाई गापा अध्यक्षमा एमालेबाट गुप्ता र उपाध्यक्षमा नेकाबाट कानू विजयी भएका हुन्।

यसैगरी, छिपहरमाई गाउँपालिका-३ को कार्यालयको उद्घाटन भएको छ। नेपाली काङ्ग्रेसका नेता नवीन सिंहले वडा कार्यालयको उद्घाटन गर्दै वडाध्यक्ष दीपेन्द्र सिंहको कार्यकाल सफलताको शुभकामना व्यक्त गरेका थिए।

यसैगरी, धोबिनी गाउँपालिकाका अध्यक्ष मदन चौहान र उपाध्यक्ष मञ्जु देवीले बुधवार पदभार ग्रहण गरेका छन्।

जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव र उपाध्यक्ष बबिता सिंहले पनि पदभार ग्रहण गरेका छन्।

सो क्रममा नवनिर्वाचित जनप्रतिनिधिहरूलाई आज शुभकामना दिनेहरूको घुइँचो लागेको थियो।

**पटेर्वासुगौली गापामा शपथग्रहण**

प्रमोद यादव, पंचगावाँ/

पटेर्वासुगौली गाउँपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूले शपथग्रहण गरेका छन्।

गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रममा गापा अध्यक्ष दिनेशकुमार चौधरीले


तस्वीरः प्रतीक

नवनिर्वाचित उपाध्यक्ष ममता महतो, पाँचवटै वडाका अध्यक्षलाई शपथग्रहण गराउँदै स्वास्थ्य, शिक्षा, कृषिमा विकास गर्न जोड दिएका थिए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादव, कर्मचारीहरू, नेकाका नेता चन्द्रकिशोरप्रसाद चौधरीलगायतको सहभागिता थियो।

## सिम्रौनगढ नपाका नवनिर्वाचित जनप्रतिनिधिहरूद्वारा शपथग्रहण

प्रस, सिम्रौनगढ, ११ जेठ/

सिम्रौनगढ नगरपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरूलाई बुधवार शपथग्रहण गराइ प्रमाणपत्र वितरण गरिएको छ।

सिम्रौनगढ नपाको सभाकक्षमा सम्पन्न कार्यक्रममा लोसपा र नेकपा एकीकृत समाजवादीको उपप्रमुख नजबु शेहरसहित २० जनप्रतिनिधिले शपथ लिएका थिए भने नेपाली काङ्ग्रेसका ३६ जना निर्वाचित वडाध्यक्ष र सदस्यहरूले नगरप्रमुखबाट शपथ नलिने भनी शपथको बेला उनीहरू चुप लागेर बसेका थिए।

नवनिर्वाचित नगरप्रमुख किशोरीप्रसाद कलवारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि मुख्य निर्वाचन अधिकृत मनोजप्रसाद गुप्ताको रोहबरमा निर्वाचित नगरप्रमुख कलवारले शपथग्रहण गराएका थिए।

कार्यक्रममा स्वागत लेखा अधिकृत समेन्द्र चौधरीले गरेका थिए भने सञ्चालन प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवालले गरेका थिए।

त्यसैगरी, नगरप्रमुख कलवारले आजदेखि कार्यभार सम्हालेका छन्। उनले सिम्रौनगढ नगरपालिकामा कृषकहरूको


तस्वीरः प्रतीक

आर्थिक रूपान्तरण तथा कृषि उत्पादनमा सहुलियत प्रदान गर्न यही असारदेखि सिंचाइको लागि कृषि विद्युत् महसुल नगरपालिकाले वहन गर्ने बताए।

उनले यही शैक्षिक सत्रदेखि नपामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा तीनसम्म अनिवार्य अङ्ग्रेजी माध्यमबाट पठनपाठन शुरू गर्ने प्रक्रिया अगाडि बढाइने बताए।

### सच्याइएको

यस दैनिकको जेठ ११ गते प्रकाशित 'वीरगंज महानगरमा एमालेको सिट बढ्यो अरू दलको घट्यो' शीर्षक समाचारमा वडा नं २२ का अध्यक्ष नेकाका द्वारिका महतो हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। -सं.

## हडताल फिर्ता लिन आग्रह

प्रस, वीरगंज, ११ जेठ/

वीरगंज उद्योग वाणिज्य सङ्घले बुधवार प्रेस विज्ञप्ति जारी गरी जेठ १० गतेदेखि विभिन्न ट्रक व्यवसायी सङ्घहरूले पेट्रोल/डिजेलको मूल्यवृद्धि भएको अनुपातमा ढुवानी भाडा बढाउनुपर्ने भन्दै गरेको हडतालप्रति ध्यानाकर्षण भएको जनाएको छ।

विज्ञप्तिमा नेपाल सरकारले सात दिनको अन्तरमा डिजल प्रतिलिटरमा रु २० मूल्यवृद्धि गर्नु कुनै पनि दृष्टिकोणबाट जायज नभएको उल्लेख छ।

सरकारले पेट्रोलियम पदार्थमा लाग्ने भन्सार महसूल घटाउनुपर्ने र केही वर्षदेखि बूढीगण्डकी विद्युत् आयोजनाका लागि पेट्रोलियम पदार्थमा प्रतिलिटर रु १० लिइरहेकामा सो पनि हटाएर पेट्रोलियम पदार्थको मूल्य घटाउनुपर्ने माग गरिएको छ।

सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले विज्ञप्तिमार्फत पेट्रोलियम पदार्थको बढेको मूल्यवृद्धि फिर्ता लिन र ट्रक व्यवसायीहरूलाई पनि अहिलेको अवस्थामा हडताल नगरी वार्ताको माध्यमबाट समस्याको समाधान गर्न आग्रह गरेका छन्।

कृषि ज्ञान केन्द्र
रौतहट, गौर

स्यालो ट्युबेल जडान कार्यक्रममा सूचीकरण तथा सिलबन्दी दररेट पेश गर्न आह्वानसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७९।०२।११)

यस कृषि ज्ञान केन्द्र, रौतहटको आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्यालो ट्युबेल जडान गर्ने कार्यक्रम रहेको हुँदा यस रौतहट जिल्लाका कृषक, कृषक समूह, सहकारी, उपभोक्ता समिति, निजी फर्म आदिको साझेदारीमा स्यालो ट्युबेल जडान कार्य गराउन खनाई (ड्रिलिङ) खर्चसहितको आवश्यक पर्ने सम्पूर्ण फिटिङ सामग्रीसहितको दररेट पेश गर्न यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् (मिति २०७९।०२।२५ गतेसम्म) तपसिलमा उल्लिखित शर्तहरूको अधीनमा रही इच्छुक इजाजतप्राप्त संस्था/फर्म/कम्पनीबाट सूचीकृत हुनका लागि साथै सिलबन्दी दररेट पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीका लागि यस कार्यालयको फोन नं ९८५५०२४००१ वा यस कार्यालयको वेबसाइट akcrautahat.p2.gov.np मा लगइन गर्न सकिनेछ।

हरिशङ्कर जयसवाल (नि. कार्यालय प्रमुख)

# सङ्घीयताकै कारण प्रदेशमा विकास –मुख्यमन्त्री

नरेश यादव, पर्सागढी, ११ जेठ/

मुख्यमन्त्री लालबाबू राउत गद्दीले सङ्घीयताको विरोध भइरहेकामा आपत्ति जनाएका छन्।



तस्वीरः प्रतीक

बुधवार पर्सागढी नगरपालिका–४ वडा कार्यालयको उद्घाटन गर्दै उनले २०५८ देखि २०७४ सालसम्म सङ्घीयता थिएन तर पनि त्यति बेला टोल–टोलमा विकास किन भएन भन्दै प्रश्न गरे। उनले २०७४ सालदेखि सङ्घीयता आएपछि विकास हुन थालेको बताए। मुख्यमन्त्री गद्दीले २०७८ माघ १ गतेदेखि जन्मेका सम्पूर्ण छोरीको बीमा भइरहेको बताए। उनले आठ जिल्लामा आठ हजार ल्यापटप वितरण गरिएको बताए। उनले मधेस प्रदेशमा प्रदेश प्रहरी, प्रदेश निजामती सेवा सुचारु गरिएको बताए।

वडाध्यक्ष शेख खुर्सेदको सभापतित्वमा भएको कार्यक्रममा विशिष्ट अतिथि नगरप्रमुख गोकर्ण पाठकले विकासको लागि नगरपालिकाको हरेक क्षेत्रको अनुगमन गर्ने बताए। उनले जुन ठाउँमा बाटोको आवश्यकता छ, त्यस ठाउँमा बाटो निर्माण गर्ने बताए। नगरमा शिक्षा, स्वास्थ्य, सडक, नालालगायतका सम्पूर्ण क्षेत्रको विकास गर्ने बताए।

जसपाका जिल्ला अध्यक्ष रामनरेश यादवले विकासका काम सबै दल मिलेर गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा उपप्रमुख पूजा चौधरी, प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादव, इन्जिनीयर जङ्गविजय साह, वडा सचिव हजारीप्रसाद यादव, सुरज मानन्धर, बहुदरमाई नपाका प्रमुख सिंहासन साहलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत ओसियर हवारीले गरेका थिए।

# पर्सा र बारामा ९६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ११ जेठ/

पर्सा र बाराका दुईवटा स्थानमा बुधवार सम्पन्न रक्तदान कार्यक्रममा दुईजना महिलासहित ९६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।



तस्वीरः प्रतीक

वीरगंजको घण्टाघरमा सानो पाइलाले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ४३ जनाले रक्तदान गरेका थिए। अनिशा अधिकारी, मीना श्रेष्ठ, मेराज मियाँ, धर्मेन्द्र साह, सन्दीप उपाध्याय, दामोदर चौधरी, रौनकराज सर्राफ, रमेश यादव, नवीनकुमार कायस्थ, दिपेश गुप्ता, सुरज साह, आदित्य कलवारलगायतले रक्तदान गरेका थिए।

यसैगरी, बारा जिल्लाको कलैया उपमहानगरमा कलैया सिटी जेसीजले आयोजना गरेको रक्तदान कार्यक्रममा ५३ जनाले रक्तदान गरे। नाथु साह, निजामुद्दीन अन्सारी, चन्दन चौधरी, मुन्ना अन्सारी, सिद्धान्त तिवारी, राज पटेल, सुनील यादव, हरिन्द्र महतो, सुरज गिरी, शम्भु गुप्ता, रामाशङ्कर साह, धीरज सर्राफ, ऋतिक साहलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख पाण्डेले बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | वीरगंज महानगरपालिका | शपथग्रहण | पुरानो बसपार्क | १७:०० बजे |




### पर्साका १४ स्थानीय तह.....

करोड भुक्तानी, पेश्की एक करोड ३४ लाख र अन्यतर्फ पाँच करोड ४१ लाख बेरुजु रहेको छ।

सखुवाप्रसौनी गापामा रु १३ करोड ३१ लाख ४३ हजार बेरुजू रहेकोमा असुल गर्नुपर्ने २६ लाख, पेश्की चार करोड ६८ लाख, अन्यतर्फ दुई करोड ७७ लाख र विनाप्रमाण छ करोड ३५ लाख भुक्तानी गरेकामा त्यति बराबरको रकम बेरुजू भएको छ।

ठोरी गापामा रु ११ करोड ५८ लाख तीन हजार बेरुजू रहेकोमा असुल गर्नुपर्नेमा २६ लाख, पेश्की चार करोड ६८ लाख, अन्यतर्फ दुई करोड ७७ लाख तथा विनाप्रमाणको आधारमा छ करोड ३५ लाख भुक्तानी दिएकामा सो बराबर रकम बेरुजू भएको छ।

धोबिनी गापामा रु १० करोड ३१ लाख बेरुजू रहेकोमा असुल गर्नुपर्नेमा तीन करोड दुई लाख, पेश्की २१ लाख, अन्यतर्फ तीन करोड ७८ लाख र विनाप्रमाण तीन करोड २८ लाख भुक्तानी दिएको देखिन्छ।

पोखरिया नगरपालिकामा रु नौ करोड नौ लाख बेरुजू रहेकोमा असुल गर्नुपर्ने एक करोड ५३ लाख, पेश्की चार करोड, अन्यतर्फ एक करोड १५ लाख तथा विनाप्रमाण पाँच करोड चार लाख भुक्तानी दिइएको छ।

पर्सागढी नगरपालिकामा रु पाँच करोड ४४ लाख बेरुजू रहेकोमा असुल गर्नुपर्ने ४४ लाख, अन्यतर्फ दुई करोड १२ लाख र पेश्की ४५ लाख रहेका छन्।

पटेर्वासुगौली गापामा रु छ करोड ४८ लाख बेरुजू रहेकोमा असुल गर्नुपर्ने ६२ लाख, पेश्की दुई करोड ४२ लाख, अन्यतर्फ दुई करोड १२ लाख रहेका छन्।

पकाहामैनपुर गापामा रु एक करोड १७ लाख बेरुजू देखाए पनि दुई आर्थिक वर्षको प्रतिवेदन सार्वजनिक भएको छैन। सोमध्ये असुल गर्नुपर्ने १५ लाख, विनाप्रमाण ३९ लाख, पेश्की १६ लाख र अन्यतर्फ ४५ लाख बेरुजू रहेका छन्।

कालिकामाई गापामा रु तीन करोड ६० लाख बेरुजू रहेकोमा असुल गर्नुपर्ने २२ लाख, अन्य २० लाख, विनाकागजात भुक्तानी दुई करोड ३९ लाख रहेका छन्। सो गापाले एक आर्थिक वर्षको लेखापरीक्षण नगराउँदा प्रतिवेदन तयार गरिएको छैन।

जीराभवानी गापामा रु सात करोड ६० लाख बेरुजू रहेकोमा असुल गर्नुपर्ने एक करोड २१ लाख, पेश्की १४ लाख, अन्यतर्फ एक करोड ७७ लाख, विनाप्रमाण चार करोड ७० लाख भुक्तानी गरेकामा बेरुजू भएको छ।

छिपहरमाई गापामा रु नौ करोड १५ लाख बेरुजू रहेकोमा असुल गर्नुपर्ने दुई करोड १५ लाख, पेश्की ३६ लाख, अन्यतर्फ दुई करोड ९७ लाख, विनाप्रमाण भुक्तानी तीन करोड ६५ लाख बेरुजू देखिएका छन्।

विन्ध्यवासिनी गापामा रु पाँच करोड ९५ लाख बेरुजू देखिएकोमा पेश्की ५९ लाख, अन्यतर्फ एक करोड ५५ लाख, असुल गर्नुपर्ने १८ लाख तथा विनाप्रमाण तीन करोड ५२ लाख भुक्तानी दिएका कारण बेरुजू देखिएको छ।

# खेलकूदको संसार

## टी–ट्वान्टी लिग खेल्ने टोलीको घोषणा

काठमाडौं, ११ जेठ/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाल टी–ट्वान्टी लिग खेल्ने छ टोलीको नाम सार्वजनिक गरेको छ। आगामी असोज ८ देखि कात्तिक ५ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा सहभागी हुने छ टोलीको नाम क्यानको मङ्गलवार बसेको बोर्ड बैठकले निर्णय गरेको क्यानका कार्यवाहक सचिव प्रशान्त मल्लले जानकारी दिए। उनको अनुसार टी–ट्वान्टी लिगमा विराटनगर, जनकपुर, काठमाडौं, पोखरा, लुम्बिनी–भैरहवा र फार वेस्टर्न रहेका छन्।



बैठकले अहिलेसम्म सञ्चालनमा रहेका फ्रेन्चाइज लिगले पुऱ्याएको योगदानको कदरसहित धन्यवाद दिँदै सङ्घको आफ्नै आधिकारिक लिग सञ्चालन हुने भएकाले अन्य कुनै पनि लिगलाई राष्ट्रिय मान्यता नदिनेसमेत निर्णय गरेको छ।

त्यस्तै, क्षेत्रीय लिगको संरचनामा सञ्चालन गर्ने अवस्थामा भने अनुमति दिन सकिने क्यानले जनाएको छ। बैठकले २०२२ अप्रिल १ तारिखदेखि लागू हुने गरी राष्ट्रिय क्रिकेट टोलीका महिला तथा पुरुष खेलाडी, मैदान कर्मचारी, मैदान कार्यालय सहयोगी र त्रिवि मैदान पिच क्युरेटरको मासिक पारिश्रमिकमा वृद्धि गरेको छ।

राष्ट्रिय पुरुष टोली खेलाडीको मासिक पारिश्रमिक रु १० हजारले वृद्धि गरिएको छ भने महिला टोलीका ए र बी श्रेणीका खेलाडीको रु छ हजारको दरले वृद्धि गरिएको छ भने सी श्रेणीका खेलाडीको रु पाँच हजारका दरले बढाएको छ।

यस्तै, सम्पूर्ण मैदान कर्मचारीको पारिश्रमिक मासिक रु तीन हजारले, मैदान कार्यालय सहयोगीको मासिक रु पाँच हजारको दरले र पिच क्युरेटरको मासिक पारिश्रमिक रु छ हजारले वृद्धि गर्ने निर्णय गरेको क्यानले जनाएको छ।

# गढीमाई नपामा यादव दोस्रोपटक निर्वाचित

प्रस, रौतहट, ११ जेठ/

गढीमाई नगरपालिकाको प्रमुख पदमा नेपाली काङ्ग्रेसका उम्मेदवार श्यामप्रसाद यादव दोस्रोपटक निर्वाचित भएका छन्।



श्यामप्रसाद यादव



स्मिताकुमारी यादव

उनी आठ हजार ६३१ मत ल्याइ निर्वाचित भएका हुन्। उनी २०७४ सालको स्थानीय निर्वाचनमा पनि नेकाबाटै निर्वाचित भएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी जसपाका शेख अबुल कलाम आजादले आठ हजार ७३ मत ल्याएका थिए। आजाद प्रदेशसभा सदस्य पदबाट राजीनामा दिई नगरप्रमुख पदमा उठेका थिए।

गत स्थानीय तह निर्वाचनमा नगरप्रमुख पदमा हारेपछि प्रदेशसभा निर्वाचनमा भने विजयी भएका थिए।

उपप्रमुखमा जसपाकी स्मिताकुमारी यादव छ हजार ६७१ मत ल्याइ निर्वाचित भएकी छन् भने निकटतम प्रतिद्वन्द्वी नेकपा एसका नागेन्द्र सिंहले पाँच हजार ९०२ मत ल्याएका थिए।

वडा नं १ देखि ९ सम्म क्रमशः नेकपा एसका रामपुकार राय यादव, नेकाका दीपेन्द्र श्रेष्ठ, जसपाका एकरामुल, नेकाका चुल्हाई राय, लोसपाका राजीवरञ्जन यादव, नेकाका रामसिंहासनराय यादव, जसपाका तपेन्द्रराय यादव, रामाज्ञाराय यादव र माओवादीका हरिचन्द्र सहनी निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

### पर्साका किसानहरू....

सामूहिकरूपमा किसानहरू लागेका छन्। चर्को घाम लाग्ने समयमा किसानहरूले खेत खनजोत गर्दा जमीनमुनि रहेका विभिन्न प्रजातिका कीटाणु मर्नुका साथै तिनीहरूको अन्डा, लार्भा तथा बासस्थान नष्ट हुने जीराभवानी गापाका कृषि शाखाका प्राविधिक बृजेश साहले बताए। खेत जोताइ गर्न नसके भोलि बाली लगाइसकेपछि बालीमा विभिन्न किसिमका रोगका प्रकोपहरू देखा पर्ने साहले बताए।

**मूल्यवृद्धिका कारण किसानहरू थप पीडामा**

देशमा हप्तैपिच्छे बढ्दै गएको इन्धनको मूल्यवृद्धिका कारण किसानहरू ठूलो आर्थिक मारमा परेका छन्। पेट्रोलियम पदार्थको साथसाथै अन्य अतिआवश्यक वस्तुको मूल्यवृद्धिका कारण किसानहरू आर्थिक सङ्कटमा परेका छन्।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण ट्याक्टरबाट खेत जोताइ गर्दा सोको भाडा पनि बढेको जीराभवानी–२ सेढवाका किसान जगदीश चौधरीले बताए। गत वर्ष फालीले खेत जोताइ गर्दा प्रतिघण्टा रु आठ सय र रोटाभेटरले जोताइ गर्दा रु १ हजार प्रतिघण्टा भाडा दिएको किसान चौधरीले बताए।

अहिले फालीले खेत जोताइ गराउँदा रु एक हजार २०० प्रतिघण्टा र रोटाभेटरले जोताइ गर्दा रु एक हजार ८०० प्रतिघण्टाको दरले भाडा तिर्नुपरेको किसानहरूले गुनासो गरे।

किसानले उत्पादन गरेको अनाजको मूल्यवृद्धि नहुने तर अन्य वस्तुको मूल्यवृद्धि हुँदा दिनहुँ किसानको अवस्था खस्किँदै गइरहेको छ।

गत वर्ष जेठमा डिजेल प्रतिलिटर रु ८५ थियो भने अहिले डिजेलको मूल्यवृद्धि भई रु १६५ प्रतिलिटर पुगेपछि जोताइको भा डा पनि बढाइएको ट्याक्टरधनीहरूले बताएका छन्।

## पखालाबाट बचौं र बचाऔं।

पखाला लाग्न नदिन,

- खुला स्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोग र फोहर छोएपछि साबुन–पानीले मिचिमिचि हात धुने गरौं।
- खाना बनाउनु, खुवाउनु र खानु अघि पनि साबुन–पानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिँगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरको कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड